लेखापरीक्षण प्रतिवेदन

विदुर नगरपालिका, नुवाकोट

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

विदुर नगरपालिका, नुवाकोट

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३१
च.न :APPROVED/FAR/2081-82/LOC/149

श्रीमान् नगरप्रमुख ज्यू,
विदुर नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, नुवाकोट।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष ०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३१
च.न :APPROVED/FAR/2081-82/LOC/149

श्रीमान् नगरप्रमुखज्यू,

विदुर नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, नुवाकोट।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको रायः

हामीले त्यस विदुर नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयारगर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय व्ययतर्फ रु.२ अर्ब ५६ करोड ३२ लाख ३५ हजारको लेखापरीक्षणबाट रू. २ करोड ९३ लाख ८१ हजार बेरुजु देखिएकोमा प्रतिकृयाबाट रु. १ करोड ८७ लाख २४ हजारको सम्परीक्षण तथा रु. १२ लाख ५९ थप भई प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५० लाख ९० हजार, नियमित गर्नुपर्ने रु. ५६ लाख ३६ हजार र पेश्की रू.११ लाख ९० हजार समेत रु. १ करोड १९ लाख १६ हजार बाँकी रहेको छ। गत वर्षसम्म रु. २० करोड ९८ लाख ६१ हजार बेरुजु मध्ये रु. २ करोड ६५ लाख २२ संपरीक्षण तथा यो बर्षको रू.१ करोड १९ लाख १६ हजार सहित अद्यावधिक बेरुजु रु. १९ करोड ५२ लाख ५५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदनसारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
७०	५३	२,९३,८०,९३२	०	४०	१,८७,२३,७८९	१२,५९,४०३	७०	१३	१,१९,१६,५४६	०	५६,३६,१००	५०,९०,५१५	०	०	१,०७,२६,६१५	११,८९,९३०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण भएको रकम	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
नुवाकोट	२०,९८,६१,०००		२,६५,२२,४२२	१८,३३,३८,५७८	0	१,१९,१६,५४६	१९,५२,५५,१२४

,बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	४५	सामुदायिक वन क्षेत्रको वन पैदावर	१,१२,०३०
२	२०८१/८२	५८	सामाजिक सुरक्षा भत्ता	७२,०००
३	२०८१/८२	५६.३	सामाजिक सुरक्षा तर्फ	१,७६,०६,८५४
४	२०८१/८२	४२	रिटेन्सन मनी	१,७४,२५२
५	२०८१/८२	२८	राजश्व बाँडफाँड -	२,१५,८०५
६	२०८१/८२	२१	मु अ कर भुक्तानी	१३,०७२
७	२०८१/८२	४७	जरिवाना भुक्तानी	३,३५१
८	२०८१/८२	४६	खर्चको पुष्ट्याई	१९,६००
९	२०८१/८२	२७	आय ठेक्काको बोलपत्र	२,६९,३१७
१०	२०८१/८२	२३	असुली गर्न बाँकी आन्तरिक आय	१,८०,०००
११	२०८१/८२	३८	अग्रिम आयकर	५७,५१०
१२	२०८०/८१	५३.३	विविध खर्च परीक्षण	३,१६,१५९

१३	२०८०/८१	३५	विक्याती सटर भाडा	१,११,८०४
१४	२०८०/८१	५४	खरिद ब्यवस्थापन परीक्षण	७१,६१,९५६
१५	२०७९/८०	६०.३	सामाजिक सुरक्षा	४१,१५,६६९
१६	२०७९/८०	८५	राजश्व असुली	४१,६३९
१७	२०७९/८०	३४	प्रशिक्षक भत्ता	६३,७५०
१८	२०७९/८०	५७	दैनिक भत्ता तथ अुगमन परीक्षण	७२,२७०
१९	२०७९/८०	७२	ढुंगा गिटी वालुवाको ठेक्का आम्दानी सम्वन्धमा	१६,१८,०८९
२०	२०७९/८०	६९	कार्यसम्पन्न प्रतिवेदन	५२,७९,४४४
२१	२०७९/८०	३५	उद्यम लागत सहभागिता नरहेको	३,६२८
२२	२०७९/८०	४५	अतिरिक्त भत्ता भुक्तानी	६,७२०
२३	२०७८/७९	३२	पारिश्रमिक कर	७०,३४१
२४	२०७८/७९	२७	घटी राजस्व दाखिलाः	२३,४०,२४२
२५	२०७७/७८	४९	सामाजिक सुरक्षा	९,२५,८८४
२६	२०७५/76	10	समपुरक अनुदान	३९,०९,८२६
२७	२०७५/76	६९	पेश्की	४,८५,०००
जम्मा				४,५२,४६,२११

विदुर नगरपालिका, नुवाकोट

(८०३२९४०२३००)

बिदुर नगरपालिका , नुवाकोट

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १३ वडा कार्यालय , ६७ नगरसभा सदस्य, १३०.०२ वर्ग किलोमिटर क्षेत्रफल, तथा ६०,१११ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।४।२७ देखि २०८२।५।१ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखा परीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय र व्याय तर्फ २ अर्व ५६ करोड ३२ लाख ३५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ७७,९०,४७४।२५ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	सामाजिक सुरक्षा बापतको निष्कृय खाताको रकम शिदार्थ बैंक बाट ४८ जनाको मिति २०८२।०६।०२ गते भौ.न.८१०९९८७ बाट फिर्ता भई बैक दाखिला भएको छ।	७३१६०९९.३९
२	विद्युत महशुल जरिवाना भुक्तानी भएको रकम असुल गरी २०८२।०५।२९ मा जम्मा भएको छ।	२८१६
३	सामाजिक सुरक्षा बापतको निष्कृय खाताको रकम सानिमा बैंक बाट १४६ जनाको मिति २०८२।०६।२१ गते भौ.न.८५३६१२२ बाट फिर्ता भई बैक दाखिला भएको छ।	२१३५५८.८६
४	विद्यालयलाई बढी निकासा दिएको असुल भएको	१५००००
५	स्वाथ्य तर्फका कर्मचारीहरूलाई थप सामाजिक सुरक्षा भत्ता दिएको असुल भएको	१०८०००
	जम्मा	७७९०४७४।२५

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय प्रतिवेदन**

२.१ **स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । नेपाल सरकार मन्त्रीपरिषद्बाट २०७९।८।२० मा जारी भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार पालिकाले लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। आर्थिक कारोवारको एकिकृत वित्तिय विवरण सम्वन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन्**

विदुर नगरपालिका

आ.व. २०८१/०८२

१.१ आर्थिक कारोवारको एकीकृत वित्तीय विवरण

प्राप्ति			भुक्तानी		
	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौन्दात		३७७९२२६१.७१	१. चालु खर्च		५९९५९३६३२
१.संचित कोष	९४३४८६८.१९		१. पालिका तर्फ	१९७४०९७७६	
२.धरौटी	१७२६५४२४.१५		२. संघीय सशर्त	३९०७०११०८	
३.कार्यसञ्चालन कोष	१०१६०२१८.३७		३. संघीय विशेष		
४. प्रकोप व्यवस्थापन कोष	९३१७५१		४. प्रदेश सशर्त	११५८२७५८	
१.आन्तरिक आय	५७५८८१२७.९७	५७५८८१२७.९७	५. प्रदेश विशेष		
२. वित्तीय हस्तान्तरण (संघ)		७५०७२०६३८.३	२. पुँजीगत खर्च		२९३८८२६९१
क) समानीकरण अनुदान	१३६८१४१६०		३. १. पालिका तर्फ	२२२९७८४६०	
ख) राजस्व बाँडफाँट	११५९५५७९९.७		४. २. संघीय सशर्त	१५०१७१८६	
ग) सशर्त अनुदान	४५५१८१२५०		५. ३. संघीय विशेष	२३५१९९००	
ङ) विशेष अनुदान	२५३५१३४२		५. प्रदेश सशर्त	७८२८१२२	
च) रोयल्टी	२७४१८०८६.५५		६. प्रदेश विशेष	३६५०९३४	
३. वित्तीय हस्तान्तरण (प्रदेश)		१०९९८२५६३.४	७. प्रदेश समपुरक	२०८८८०८९	
क) समानीकरण अनुदान	१५३६७०००		६. अन्तर सरकारी अख्तियारी (संघ)		२९५८१४०४३
राजस्व बाँडफाँट	३३३३८५६३.४२		क) सामाजिक सुरक्षा	२७४३४९३५९	
ग) सशर्त अनुदान	२४२७७०००		पर्यटन पूर्वाधार पोष्ट बहादुर बोगटी स्मृती पार्क	५९८९६७७	
घ) समपुरक अनुदान	३०००००००		घरेलु तथा साना उद्योग कोसेली	९६००००	
			स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४५१५००७	
ङ) विशेष अनुदान	७००००००		प्रशासकीय भवन निर्माण	१०००००००	
४. अन्तर सरकारी अख्तियारी (संघ)		२९५८१४०४३			
क) सामाजिक सुरक्षा	२७४३४९३५९		८. अन्तर सरकारी अख्तियारी (प्रदेश)		५०००००
ख) पर्यटन पूर्वाधार पोष्ट बहादुर बोगटी स्मृती पार्क	५९८९६७७		विपद् व्यवस्थापन स्वयंसेवक ब्यूरो गठन	५०००००	
ग) घरेलु तथा साना उद्योग कोसेली	९६००००		धरौटी फिर्ता तथा सदर स्याहा	३७८९५८२.६	३७८९५८२.६६
घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४५१५००७		कार्यसञ्चालन कोषबाट भएको खर्च		१२३४३२९७
ङ)प्रशासकीय भवन निर्माण	१०००००००		सट्टा शिक्षक पारिश्रमिक	७३७७६४	
५) स्थानीय तहको राजस्व बाँडफाँड		५२२५०६६४.८२	सडक बोर्ड निकासा	७०७६४००	
१) घर जग्गा रजिष्ट्रेसन शुल्क	२७०२०६८६.८२		गृहणी महिला सशक्तिकरण	९७००००	
२) दहत्तर बहत्तर कर	२५२२९९७८		दलित सशक्तिकरण कार्यक्रम	४०००००	
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)		५०००००	अनिवार्य शिक्षा कार्यक्रम	२३६१५००	
विपद् व्यवस्थापन स्वयंसेवक ब्यूरो गठन	५०००००		१६) प्रदेश CTVT उद्यमी विकास कार्यक्रम	२९७६३३	
८) धरौटी आय	६९३४२७४	६९३४२७४	१७) लाइन्स विदुर हाटबजार कार्यक्रम	५०००००	
९) कार्यसञ्चालन कोष आय		१३२१९५७०.२६	अनुदान फिर्ता		
१०) सट्टा शिक्षक पारिश्रमिक	८००२७२.२६		१. संघ तर्फ		४१२९४३९८
११) सडक बोर्ड निकासा	७०८५०७३		क) सशर्त अनुदान	३९४६२९५६	
१२) गृहणी महिला सशक्तिकरण	९७०५७६		ख) विशेष अनुदान	१८३१४४२	
१३) दलित सशक्तिकरण कार्यक्रम	४०००००		१०. २. प्रदेश तर्फ		१७४२७११७
१४) अनिवार्य शिक्षा कार्यक्रम	२३६१५००		क) सशर्त अनुदान	४९६६१५०	
१५) पर्यटन बोर्ड बाघ भैरम मन्दिर	३९१२६२		ख) विशेष अनुदान	३३४९०६६	
१६) प्रदेश CTVT उद्यमी विकास कार्यक्रम	२९७६३३		ग) समपुरक अनुदान	९१११९११	
			प्रदेश सरकारलाई बाँडफाँड दहत्तर बहत्तर कर	९२७९५९१	९२७९५९१
			संघिय सरकारलाई बाँडफाँड मु. अ. कर	२३०११९६	२३०११९६
१७) लाइन्स विदुर हाटबजार कार्यक्रम	५०००००		अन्तिम मौज्दात		४८५७६५९५
१८) विविध आम्दानी सडक	४१३२५४		१. संचित कोषको मौज्दात	१६१२९७७८.९	
			२. धरौटी	२०४१०११५.५	
			३. कार्यसञ्चालनकोष	११०३६४९१.६	
			४. विभाज्य कोष	६८४८	
			५. प्रकोप व्यवस्थापन कोष	९३१७५१	
जम्मा	१३२४८०२१५३	१३२४८०२१५३	जम्मा	१३२४८०२१५३	0 १३२४८०२१५३

CS Scanned with CamScanner

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको वित्तिय प्रतिवेदनअनुसार रु. ३,७६,४०,६२१।२१ मौज्दात रहेकोमा यो वर्ष रु. ३,७७,९२,२६१।७१ जिम्मेवारी सारेको छ । जस अनुसार

गतबर्षको पालिकाको वित्तिय प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१५१,६४०।५० वढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

२.३ **फरक हिसाव** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण पालिकाले सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गरी पेश गरेको छ। सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको अनुसुचीमा संलग्न प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) मा कार्यसंचालन कोषको जिम्मेवारी रु. १,०१,६०,२१८।३७ र प्रकोप व्यवस्थापन कोषको रु. ९३१,७५१।०० गरी जम्मा रु. १,१०,९१,९६९।३७ रहेकोमा म.ले.प. फारम २७० मा गत बर्षको जिम्मेवारी देखिदैन । साथै कार्य संचालन कोषको यस वर्षको आम्दानी रु. १,३२,१९,५७०।२६ रहेकोमा म.ले.प. फारम २७० मा रु. १,४९,०३,९३५।२६ देखिन्छ। तर खर्चको मात्र लेखाङ्कन गरेको छ । कार्यसञ्चालन कोष, प्रकोप व्यवस्थापन कोष विभाज्य कोषको सुत्रमा स्पष्ट हिसाव देखिएन । साथै अन्तर सरकारी अख्तियारी तर्फको कारोवार रकम समेत सुत्र प्रणालीमा समावेश छैन ।

(विस्तृत विवरण बेरूजु दफा २.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.४ **बैङ्क हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ:

सि. नं.	खाता	स्रेस्ता अनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
१	संचित कोष	१६१२९७७८.८८	५९४४९१३.५६	-१०१८४८६५.३२
२	बाँडफाटबाट प्राप्त राजस्व खाता		२७०८३९९.५५	२७०८३९९.५५
३	स्थानिय तह प्रकोप खाता	९३१७५१	९३१७५१	०
४	पुँजीगत खाता		५७६६५२४	५७६६५२४
५	आन्तरिक राजस्व खाता		४९४८२४६.४२	४९४८२४६.४२
६	चालु खर्च खाता		४०१४०७१.७१	४०१४०७१.७१
७	विविध कोष खाता	११०३६४९१.६	११२३२८११.६३	१९६३२०.०३
८	स्थानिय विभाज्य कोष खाता	६८४५८	५७३३७२६	५६६५२६८
९	धरौटी	२०४१०११५.५	२०४१०११५.४९	-०.०१
	जम्मा	४८५७६५९४.९८	६१६९०५५९.३६	१३११३९६४.३८

३ बजेट तथा कार्यक्रम

३.१ बजेट पेश, पारित र अख्तियारी-

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा नगर उप-प्रमुखले मिति २०८१ असार १० गते

रु १ अर्व ११ करोड ५३ लाख ५६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८२।०३।२२ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।२७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

३.२ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट तर्जुमा एवं सोको कार्यान्वयन हुनुपर्दछ।

३.३ **योजना संसोधन तथा रकमान्तर**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र भएको सुनिश्चित गरी खर्च गर्नुपर्ने उल्लेख छ। तर पालिकाले यो वर्ष पटक-पटकको कार्यपालिकाको निर्णय मार्फत विभिन्न १२७ वटा योजनाबाट बढाएर १६३ वटा योजनाबाट रू ५ करोड ११ लाख ३ हजार रकमान्तर गरेकोमा २०८१ चैत्र २८ गतेको नगर सभावाट अनुमोदन गरेको देखिन्छ । यसरी पटक-पटकको कार्यपालिकाको निर्णय मार्फत रकमान्तर गर्ने कार्य बजेटको सिद्धान्त विपरित देखिन्छ । बजेटमा समावेश भएका योजना तथा कार्यक्रम मात्र संचालन गर्न पालिकाले विशेष ध्यान दिनुपर्दछ ।

३.४ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको छ। आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरी तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

३.५ **योजना तथा वजेट कार्यान्वयन** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना समेत तयार गरी लागू गरेको छैन। आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ।

क्र.स.	बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
	पूँजिगत खर्चतर्फ	२९३८८३	२४९२७	२७८२१	१०४१८८	१३६९४६	१०४१२८
प्रतिशत		१००	८	९	३५	४७	३५

माथिको तालिका अनुसार प्रथम त्रैमासिकमा ८ प्रतिशत दोश्रो त्रैमासिकमा ९ प्रतिशत तेश्रो त्रैमासिकमा ३५ प्रतिशत र चौथो त्रैमासिकमा ४७ प्रतिशत र आषाढ महिनामा मात्र ३५ प्रतिशत खर्च भएको छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप योजना तथा कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।

३.६ **योजनाको प्राथमिकीरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार १३ वडाको लागि वडागत र पालिकास्तरका कुल रु. २९,३८,८२,६९१।०० योजनामा वजेट विनियोजन गरेको छ।

	रु. १ लाख सम्म	रु. १ लाख देखि २ लाखसम्म	रु. २ लाखदेखि ५ लाखसम्मका	रु. ५लाख देखि १० लाखसम्मका	१०लदेखि ५० लाख सम्म	५० लाख भन्दा बढी	५०/५० लागत जनसहभागिता	जम्मा
वडा स्तरीय	१५७	११९	२०५	१८	७	०	०	५०६
नगरस्तरिय	६९	४२	१८२	१३	१६	७	०	३२९
जम्मा	२२६	१६१	३८७	३१	२३	७	०	८३५

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ८१३ योजनामात्र कार्यान्वियन भई २२ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

३.७ **अवण्डा बजेटका कार्यक्रम**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना बनाई कार्यान्वियन गर्ने र उपदफा ६ मा गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पुर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वियन तालिका र अनुगमन तथा मुल्याङ्कन योजना तयार गर्नुपर्ने ब्यवस्था छ।यस पालिकाले आर्थिक बर्ष २०८१।८२ मा निम्न १७ वटा शिर्षकमा रु. ३,७५,८४,१००।०० एकमुष्ट बजेट राखी पटक-पटक निर्णय गरी निम्नअनुसारका २५२ वटा योजनामा तथा कार्यक्रममा रकम छुट्याई खर्च गरेको देखिन्छ । यसरी खर्च गर्दा वजेटमा योजना तथा कार्यक्रमगत रुपमा बजेटमा नै समावेश गरी अवण्डा नराखी नगर सभावाट बजेट पास गर्नु पर्ने देखिन्छ । स्थानीय सरकार संचालन ऐनमा भएको ब्यवस्था पालना नगरी रकम एकमुष्ट अवण्डा राख्ने र तोक आदेशको आधारमा योजना छनौट गरी खर्च गर्ने कार्य नियमसम्मत देखिएन ।अतः पालिकाले ऐनको पालना गरी खर्च गर्नुपर्दछ ।

क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ।यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	४१६२७०००	२९७३६७७३	७१
२	पूर्वाधार विकास	३०५०८७५८५	२१५०९११६६	७१
३	सामाजिक विकास	५६७४३३७४१	४८४४४२७३१	८५
4	संस्थागत विकास सेवा प्रवाह र सुशासन	३१९५९५१६	२०११६३७४	६३
5	अन्य कार्यालय संचालन तथा प्रशासनिक	१६९२४८१५८	१४४०८९२८०	८५
	जम्मा	१११५३५६०००	८९३४७६३२४	८०

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८५ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी अर्थात् ६३ प्रतिशत रहेको छ । पालिकाले प्राथमिकताका क्षेत्र तोकि वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

३.८ **गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।पालिकाले पेश गरेको विवरण अनुसार रु. ५,५२,८३,८३०।०० भुक्तानी दिन बांकी रहेकोमा नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व भुक्तानी दिन रु. ६ करोड बजेट व्यवस्था गरी रु. ४,६२,३३,६०२।- भुक्तानी दिएको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा संघिय शासन प्रणाली व्यवस्थाको नीति तथा सिद्धान्त अनुसार स्थानीय तहहरुले जनताको नजिकमा रहेर सेवा प्रवाहको कार्य गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले नगरवासीहरुलाई देहायको सेवा प्रवाह गरेको छ ।

सेवाको विवरण	संख्या	लागत
घरनक्सा दर्ता १७७ मध्ये	१६ वटा	नखुलेको
न्यायीक समिति	७९ वटा	नखुलेको
जन्मदर्ता	१२५४ जना	नखुलेको
मृत्युदर्ता	४८५ जना	नखुलेको
बसाईसराई दर्ता	१८९ जना	नखुलेको
बिवाह दर्ता	५९६ जना	नखुलेको
सम्वन्ध विच्छेद दर्ता	८६ जना	नखुलेको
गाँउटोलमा गई स्वास्थय परिक्षण	९७ जना	८१,०००
३५ दिनभित्र जन्मदर्ता गर्ने बालबालिकाहरुको खतामा रु ५०००को दरले सहयोग	२० जना	१००,०००
३५ दिनभित्र मृत्युदर्ता गर्ने परिवारलाई काजक्रिया सहयोग रु ५०००को दरले	१६ जना	८००००
उपचारको लागि आर्थिक सहायता	२६७ जना	१३,३४,१००
विपन्न नगरबासीहरुको स्वास्थय बिमा कार्यक्रम (लागतको ९० प्रतिशत)	२६००	२१,१६,८००
विद्यालय बाहिर रहेका विद्यार्थीहरुलाई शैक्षिक सामाग्री वितरण	३० जना	५०३,२९९
सामुदायिक विद्यालयका बालविकास सहजकर्ताको क्षमता विकास	८२ जना	४७३,८१२
विशेष आवश्यकता भएका वालवालिकाको लागि सहयोग कार्यक्रम तिन विद्यालयका	३४ जना	११९,४२६

५ आन्तरिक नियन्त्रण प्रणाली

५.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सो माथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको देखिएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

• अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा ३०(३) बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहले बजेट कार्यान्यनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्थाको पालना गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ वमोजिम बिस लाख भन्दा वढीका योजनाको विमा गराउनुपर्ने मा गराएको पाईएन।

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा पुर्णरुपमा पालना गरेको पाईएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाईएन,

• बागमती प्रदेश निजामती सेवा ऐन बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण बनाई लागू गरेको पाईएन,

• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाईएन,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटरसम्मको पुल, लिफ्ट सिँचाई, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने तथा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा मूल्य खुलाइ अभिलेख राख्नुपर्नेमा गत विगत देखिका सम्पत्ति तथा वडा कार्यालयहरुले खरिद गरेका माल सामान सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख नराखेको, पालिकाको सम्पूर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मूल्य सम्वन्धमा एकिन गरेको पाइएन,

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाईएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन, स्थानीय राजस्व व्यवस्थापन सूचना प्रणाली प्रयोगमा आएता पनि सबै वडामा पूर्णरुपमा कार्यान्वियनमा आएको पाइएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाईएन,

• दिगो विकास लक्ष्य (सन २०१६-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भए गरेको पाईएन,

• स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,

• यस पालिकामा समाहित भएका साविकका गाउँविकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाईएन,

• पालिकाले कृषि तथा पशुपन्क्षी तर्फका अनुदान कार्यक्रमा लाभग्राहीको नामावली सहितको सूचना पालिकाको बेव साइटमा प्रकाशन गरेको देखिएन,

अतः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

५.२ **आन्तरिक लेखापरीक्षण शाखा** - प्रत्येक स्थानीय तहले आफ्नो आर्थिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यवस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन।

आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ। यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनुपर्दछ।

५.३ **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

६ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

६.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २५४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २१७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, योजना अधिकृत, राजस्व अधिकृत, आन्तरिक लेखापरीक्षक, कानुन अधिकृत सव इन्जीनियर, ल्याव टेक्नीसियन, जनस्वास्थ्य अधिकृत, खाद्य अनुसन्धान सहायक, प्राविधिक सहायक र नगर प्रहरी सहित ३७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ ।

६.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा विषयगत शाखा महाशाखा रहेको, वडा कार्यालयको संरचना समेत रहेको संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्ने व्यवस्था छ ।बागमति प्रदेश सरकारले जारी गरेको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५ अनुसार नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M Survey) गर्न २०८२ जेठ मसान्तभित्र सम्पन्न गरी प्रतिवेदन दिने गरी २०८२ जेठ १ गते समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा लि संग सम्झौता गरेको छ ।सम्झौता अनुसार उक्त फर्मले जेठ मसान्तभित्र नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी नगरपालिकामा रहने संगठन संरचना र दरवन्दी तेरीजको प्रतिवेदन पेश गरेको छ ।पालिकाले २०८२ असार २० गते सम्पन्न भएको १७ औ नगरसभाले उक्त प्रतिवेदन पारित गरेको छ ।प्रतिवेदन अनुसार मौजुदा दरवन्दी १९८ जना, थप दरवन्दी ८५ जना, घट दरवन्दी २९ जना समेत खुद २५४ जनाको संगठन संरचना र दरवन्दी रहने गरी तेरीज कायम गरेको छ । उक्त संगठन संरचना र दरवन्दी तेरीजलाई प्रदेश कितावखानामा पद दर्ताको लागि २०८२ श्रावण १४ मा पेश गरेकोमा प्रदेश कितावखानाले च. नं. २३ मिति २०८२ श्रावण १६ गते पद दर्ता सम्वन्धि फाइल प्राप्त भएको जानकारी नगरपालिकालाई गराएको छ । साविकमा १३ वटा वडा कार्यालय भएको पालिकामा स्वास्थ्य सेवा, कृषि तथा पशु सेवा समेत गरी ९८ वटा दरवन्दी रहेको यस पालिकामा संगठन तथा व्यवस्थापन सर्भेक्षण पश्चात १५६ जनाको दरवन्दी थप सृजना भइ २५४ कायम गरेकोमा स्वीकृति हुन बाँकी रहेकोले देखिन्छ ।

६.३ पालिकाले तयार गरेको संगठन संरचना र दरवन्दी बागमति प्रदेश सरकारबाट स्वीकृत भइ नसकेको हुनाले यस वर्ष पालिकामा स्थायी तर्फ ७० जना कर्मचारी कार्यरत रहेकोमा करार सेवा तर्फ ९७ र ज्यालादारी तर्फ ५० जना समेत २१७ जना कर्मचारी कार्यरत रहेको छ ।स्थायी कर्मचारीहरुको अनुपातमा अस्थायी, करार र ज्यालादारी कर्मचारीहरु दोव्वर(१ः२) संख्यामा कार्यरत रहेको अवस्था छ ।

६.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीहरु अवकास हुँदा उपदान औषधि उपचार लगायतका सुविधा भुक्तानी दिन मासिक तलवबाट समेत दश प्रतिशतका दरले रकम सम्वन्धित कर्मचारीबाट कट्टि गरी अवकासकोष, कल्याणकोषको व्यवस्था गर्नु पर्दछ भन्ने व्यवस्था गरेको छ । यस पालिकामा साविकको स्थानीय सेवाका कर्मचारीहरु ६ जना कार्यरत रहेका छन् ।पालिकाले उक्त कोषको व्यवस्था गरेको छैन । बागमति प्रदेश सरकारले जारी गरेको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा ८५(१) अनुसार उपदान पाउने व्यवस्था छ । उपदफा ३ अनुसार उक्त उपदान साविकको स्थानीय निकायको सेवामा रहेका स्थायी कर्मचारीहरुले समेत उपदान प्राप्त गर्ने व्यवस्था उल्लेख गरेकोमा अवकास कोष तथा कल्याणकोषको व्यवस्था गर्नुपर्ने विषयमा ऐनले सम्वोधन गरेको देखिएन ।

७ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण

७.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा अभिलेख राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

७.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो पालिकामा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था सम्वन्धमा २०७३ साल असार १५ गते नगरको स्वामित्वको अचल सम्पति र नगरभित्र रहेका ऐलानी तथा सरकारी पर्ति जग्गाहरु, सडक, ढल, ल्याणडफिल साईट, सार्वजनिक पार्क, शौचालय, राजमार्ग तथा साँस्कृतिक सम्पदाहरुको विवरण तयार भएको छ । दश रोपनी जग्गामा पालिकाको भवन रहेको र १३ मध्ये ११ वटा वडा कार्यालयहरुको आफ्नै भवन रहेको छ । पालिकासंग चार पाङ्ग्रे १२ वटा र दुई पाङ्ग्रे ३६ वटा सवारी साधन रहेको अभिलेखबाट देखिन्छ । पालिकाभित्र रहेका सार्वजनिक जग्गाहरुको अतिक्रमणको अवस्था सम्वन्धमा विवरणम खुलाएको छैन ।उक्त विवरणहरुलाई हालको अवस्था अनुसार अद्यावधिक गर्नुपर्दछ ।

८ खरिद तथा ठेक्का अभिलेख

८.१ खरिद योजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत यो वर्ष रू २९ करोड ३८ लाख ८२ हजार पूँजीगत खर्च गरेको छ। पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। पालिकाले नियम बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

८.२ ठेक्कागत अभिलेख

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राख्नुपर्नेमा सो बमोजिम ठेक्का सम्झौताबाट भएको कामको अभिलेख (म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र

म.ले.प.फा.नं. ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत) लगत राखेको देखिएन। पालिकाले कानुनमा तोकिए वमोजिम अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ।

९ धरौटी तर्फ

सार्बजनिक खरिद नियमावली,२०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याए पछि वा त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ ।कार्यालयले सिएम शिसन-देव जेभी लाई मूअ कर समायोजन र कर चुक्ता प्रमाण बेगर रू. ४५६६३०।– धरौटी रकम फिर्ता दिने कार्य मनासिब देखिएन। मूअ कर समायोजन कर चुक्ता पेस गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,५६,६३०

१० सहकारी नियमन

सहकारी नियमन सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र ११४ वटा सहकारी संस्था रहेका छन्। जसको विवरण देहाय अनुसार रहेको छ।

क्रस	विवरण	संख्या
१	सहकारी सुचिकरण	९२
२	COPOMIS दर्ता	८९
३	सहकारी संस्थाको व्यवसाय करमा आबद्ध	९३
४	सहकारी संस्थाको व्यवसाय कर नविकरण	७२
५	सहकारी संस्थाको बहाल कर	१७
६	सहकारी संस्थाको साधारण सभा प्रतिवेदन	७१
७	सहकारी स्स्थाको आव२०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन	५७
८	सहकारी संस्था खारेजी	१
९	सहकारी अनुगमन	७

पालिका भित्रका ११४ सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा ८९ दर्ता भएका सहकारी संस्थाको व्यवसाय करमा आबद्ध ९३ सहकारी संस्थाको व्यवसाय कर नविकरण ७२ सहकारी संस्थाको बहाल कर १७ सहकारी संस्थाको साधारण सभा प्रतिवेदन ७१ सहकारी संस्थाको आ व २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन ५७ वटा, सहकारी संस्था र १ सहकारी खारेजी भएको पाइयो। पालिकाले ७ सहकारीको मात्र यो बर्ष अनुगमन गरेको छ। जसले गर्दा सहकारीको संचालन, नियमन नियमावली र निर्देशिका अनुसार भएको पाइएन। अतः ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण अद्यावधिक गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

११ संस्थागत क्षमता मूल्याङ्कन

स्थानीय तहको कार्यप्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमजोरीहरुको जानकारी लिई समिक्षा गर्न स्थानीय तह संस्थागत क्षमता स्वामूल्याङ्कन कार्यविधि, २०७७ को दफा ३ अनुसार

देहायको विषयक्षेत्रहरुको स्वामूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयले स्वामूल्याङ्कनका विषय र क्षेत्र समेटिएको सूचकहरु सुचना प्रणालीमा विकास गरेको छ । पालिकाले आ. व. २०८०।८१ को स्थानीय तह संस्थागत क्षमता स्वामूल्याङ्कनका विषयक्षेत्रका सूचकहरु उक्त प्रणालीमा प्रविष्टि गरेकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नतिजाको गुणस्तर परिक्षण गरी २०८२।५।६ गते नतिजा सार्वजनिक गरेको छ । उक्त नतिजा अनुसार पालिकाले समग्र स्थितिमा ८२.१४ अंक, प्रक्रियागत स्थितिमा ७५ अंक, परिमाणात्मक स्थितिमा ७५.५६ अंक प्राप्त गरी कुल एकशय पुर्णाङ्कमा औसत ७६.७५ प्रतिशत अंक प्राप्त गरेको छ ।

क्र.श.	स्वमूल्याङ्कनका विषयक्षेत्रहरु	प्राप्ताङ्क
१	शासकिय प्रवन्ध	७७.७८
२	संगठन तथा प्रशासन	७५
३	वार्षिक बजेट तथा योजना व्यवस्थापन	७५
४	वित्तीय एवम् आर्थिक व्यवस्थापन	८१.८२
५	सेवा प्रवाह	८२.८१
६	न्यायिक कार्य सम्पादन	१००
७	भौतिक पूर्वाधार	६७.३१
८	सामाजिक समावेशिकरण	७०
९	वातावरण संरक्षण तथा विपद व्यवस्थापन	७७.७८
१०	सहकार्य र समन्वय	५८.३३
	जम्मा औसत प्रतिशत	७६.७५

उक्त नतिजा अनुसार भौतिक पूर्वाधारक्षेत्रमा ६७.३१ अंक, सामाजिक समावेशिकरणमा ७० अंक र सहकार्य र समन्वय क्षेत्रमा ५८.३३ अंक प्राप्त गरी उक्त विषयमा ७० प्रतिशत र सो भन्दा घटि अंक प्राप्त गरेकाले पालिकाले शत प्रतिशत अंक प्राप्त गर्न थप प्रयास गर्नु पर्दछ ।

१२ वित्तीय सुशासन जोखिम मूल्याङ्कन

स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FAR) कार्यविधि, २०७७ को दफा ७ को उपदफा १ बमोजिम पाँच वटा विषयक्षेत्रको प्रत्येक स्थानीय तहहरुले वित्तीय सुशासनको जोखिम सुचकाङ्क अनुसार अंक भार प्रदान गरी जिल्ला समन्वय समितिले मूल्याङ्कन गरी नतिजा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । पालिकाको आ. ब. २०८०।८१ को वित्तीय सुशासनको जोखिम मूल्याङ्कन (FAR) को नतिजा जिल्ला समन्वय समितिले मिति २०८१ माघ १४ गते सार्वजनिक गरेको छ । पालिकाले देहायको विषयक्षेत्रको मूल्याङ्कनमा सय पुर्णाङ्कमा औसत ७६ प्रतिशत नम्बर प्राप्त गरेको छ ।

क्र.श.	स्वमूल्याङ्कनका विषयक्षेत्रहरु	कूल अंक	प्राप्ताङ्क	प्रतिशत
१	योजना बजेट तथा कार्यक्रम व्यवस्थापन	२१	१९.५	९७.५०
२	कार्यान्वियन क्षमता तथा व्यवस्थापन	२९	२०	६८.९६
३	लेखाङ्कन तथा प्रतिवेदन	१७	१६	९४.११
४	अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण	१६	७	४३.७५
५	राजस्व व्यवस्थापन	१७	१३.५	७९.४१
	कूल अंक	१००	७६	७६

उक्त नतिजा अनुसार पालिकाको कार्यान्वयन क्षमता तथा व्यवस्थापन गर्ने क्षेत्रमा २९ पुर्णाङ्कमा २० अंक प्राप्त गरेको, अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षणमा १६ मा ७ अंक प्राप्त गरी पचास प्रतिशत भन्दा घटि अंक प्राप्त गरेको र राजस्व व्यवस्थापन गर्ने क्षेत्रमा १७ अंकमा १३.५ अंक प्रप्त गरीकोले वित्तीय सुशासनमा जोखिमको अवस्था रहेकोले नतिजा सुधार गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ ।

१३ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न २६७ जना व्यक्तिहरुलाई आर्थिक अवस्था कम्जोर भएकोले उपचार खर्च भनि वडा कार्यालयको सिफारिसमा प्रति व्यक्ति अधिकतम रु. १० हजारसम्मका दरले सहायता वितरण गरी रु. १३,३४,१००।०० खर्च लेखेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ५,७५,८८,१२८।०० को २.३ प्रतिशत हुन आउँछ ।आर्थिक सहायता प्राप्त गर्ने व्यक्तिहरुको नामनामेसी पालिकाको वेभसाइट मार्फत सार्वजनिक गर्नुपर्दछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१४ **तलवि प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन २०५३, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९ को उपदफा ५ अनुसार प्रदेश कितावखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगरी संघीय शसर्त चालु शिर्षकबाट स्वास्थ्य, कृषि, पशु र आयुर्वेद तथा स्थानीय सेवाका ७० जना कर्मचारीहरुको रु. १५९,७७,९७९।०० तलव भत्ता खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१५ **वडा कार्यालयको बैंक खाता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिका अन्तर्गत वडा कार्यालयहरुबाट लेखा सञ्चालन नभएको अवस्थामा बैंक खाता खोल्न र संचालन गर्न पाउने व्यवस्था छैन । यस विदुर नगरपालिका अन्तरगत १३ वटा वडा कार्यालयहरु रहेको छ । उक्त वडा कार्यालयहरुले वडा कार्यालयहरुको नाममा बैंक खाता संचालन गरेको देखिन्छ । नगरपालिकाले नगर सभाबाट निर्णय गरी प्रत्येक वडा कार्यालयहरुलाई रु. ६ लाखको दरले प्रशासनिक खर्च दिने निर्णय गरेकोमा रु. ५ लाखको दरले १३ वटा वडा कार्यालयलाई रु. ६५ लाख पेश्की रकम दिएको छ । वडा कार्यालयहरुले उक्त रकम बैंक खातामा जम्मा गरी खर्च गर्ने र बिल भरपाई नगरपालिका समक्ष पेश गरी पेश्की फर्स्यौट गर्ने गरेका छन् । नगरपालिकाबाट हुने सबै खर्च वडा कार्यालयहरु, शाखा तथा महाशाखाहरुको निर्णयको आधारमा मुख्य स्टोर शाखाबाट खरिद गरि लेखा शाखाबाट भुक्तानी हुनु पर्दछ ।वडा कार्यालयहरुले खोलेका बैंक खाता स्थानीय सरकार संचालन ऐन २०७४ विपरित भएकोले खाता बन्द हुनु पर्दछ ।

वडा कार्यालयहरु	खाता नम्वर	बैंकको नाम
१	०२६००१०६३९०३११०००००१	नेपाल बैंक लिमिटेड
२	०२६००१०६३९०५००००००००१	नेपाल बैंक लिमिटेड
३	०२६००१०६३८८९६७००००००१	नेपाल बैंक लिमिटेड
४	०२६००१०६३९२१२८००००००१	नेपाल बैंक लिमिटेड
५	०२६००१०६३९०३०८००००००१	नेपाल बैंक लिमिटेड
६	०२६००१०६३९०३८७००००००१	नेपाल बैंक लिमिटेड
७	०२६००१०६३९११०४००००००१	नेपाल बैंक लिमिटेड
८	०२६००१०६३९००१३००००००१	नेपाल बैंक लिमिटेड
९	०२६००१०६३९००२३०००००१	नेपाल बैंक लिमिटेड
१०	०२६००१०६३९०३८१००००००१	नेपाल बैंक लिमिटेड
११	०२६००१०६३९०३८९००००००१	नेपाल बैंक लिमिटेड
१२	०२६००१०६३८९०७६००००००१	नेपाल बैंक लिमिटेड
१३	०२६००१०६३८९४३३००००००१	नेपाल बैंक लिमिटेड

१६ अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण बाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८२ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०८२।०३।३० मा फिर्ता गरेको देखियो ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम	फिर्ता मिति
संघीय सरकार	शसर्त	४४५१८१२५०	४०५७१८२९४	३९४६२९५६	२०८२।३।३०
	विषेश	२५३५१३४२	२३५१९९००	१८३१४४२	२०८२।३।३०
प्रदेश सरकार	शसर्त	२४२७७०००	१९३१०८६०	४९६६१४०	२०८२।३।३०
	विषेश	७००००००	३६५०९३४	३३४९०६६	२०८२।३।३०
	समपुरक	३००००००००	२०८८८०८९	९१११९११	२०८२।३।३०

१७ स्वास्थ्य बिमा

स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम १६ को उप नियम २ अनुसार स्थानीय तहहरुले आर्थिक रुपले विपन्न तथा गरीव लगायत लक्षित वर्गको स्वास्थ्य बीमा कार्यक्रम संचालन गर्न सक्ने व्यवस्था छ । पालिकाले विपन्न नागरिकहरुको स्वास्थ्य बीमा गर्ने सम्वन्धि कार्यविधि, २०८१ तयार गरेको छ । पालिकाले यो वर्षको बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा नगरभित्र बसोबास गर्ने विपन्न नागरिकहरुको स्वास्थ्य बिमा वोर्डबाट स्वास्थ्य बिमा गरीदिने नीति कार्यक्रम र बजेट व्यवस्था गरेको छ ।सो अनुसार ६७२ घरमुली (परिवार संख्या २६०० जना) विपन्न नागरिकहरुको स्वास्थ्य बिमा वोर्डबाट बिमा गर्दा लाग्ने शुल्कको ९० प्रतिशत (रु. ३१५०) का दरले पालिकाले व्यहोर्ने र १० प्रतिशत (रु. ३५०) रकम सम्वन्धित व्यक्तिले व्यहोरने गरी कार्यक्रम कार्यान्वयन गरेको छ । ६७२ घरमुली सदस्यको लागि ९० प्रतिशत (रु. ३१५०) का दरले बिमा वापत रु. २१ लाख १६ हजार ८ सय खर्च स्वास्थ्य बिमा वोर्डको नाममा

लेखेको छ । पालिकाले स्वास्थ्य बीमा गरीदिएका ६७२ घरपरिवारका सदस्य आर्थिक रुपले विपन्न नागरिक हुन भन्ने आधार खुलाएको छैन र पालिका भित्र बसोबास गर्ने विपन्न नागरिकहरुको लगत अभिलेख समेत संकलन गरि अद्यावधिक गरी राखेको छैन ।

१८ पेश्की

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० र ५१ मा पेश्की दिने र फछर्योट गर्ने सम्वन्धी व्यवस्था गरेको छ। पालिकाले विगतमा दिएका निम्न अनुसारको पेश्की म्याद सकिएको अवस्थामा समेत फछर्योट गरेको नदेखिएकोले नियममा भएको व्यवस्था वमोजिम असुल फछर्योट गर्नुपर्ने देखिन्छ।

क्र.सं.	पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	चालु आ. व.			गत आ. व.सम्मको		
					म्याद ननाघेको		म्याद नाघेको	म्याद ननाघेको		म्याद नाघेको
					रकम	फछ्यौंटको अन्तिम म्याद		रकम	फछ्यौंटको अन्तिम म्याद	
१	२	३	४	५	९	१०	११	१२	१३	१४
१	ठेकेदार									
१	०४/०१/२०८१	१	गंगटेबाट आपघारी चौतारा सडक निर्माण	पुष्पान्जली इन्द्रदेव जेभी	०		०	०	२०८२/०३/३२	९६९९३०.
२	०४/०१/२०८१	१	सन्देश मार्ग नाली निर्माण	रेग्मी निर्माण सेवा	०		०	०	२०८२/०३/३२	२२००००.
२	संस्थागत									११८९९३०.
१	०४/०१/२०८१	१	त्रिशुली अस्पतालमा प्रशुती गृह ब्यवस्थापन तथा उपकरण खरिद	त्रिशुली अस्पताल विकास समिति	०		०	०	२०८२/०३/३२	५०००००
२	०४/०१/२०८१	१	प्रदेश समपुरक,संघीय समपुरक प्रधानमन्त्री रोजगार विद्युत साझेदार नगरपालिका भवन उपभोक्ता लागत सहभागिता झो पु निर्माण तथा भैपरी आउने योजना म्याचिड फण्ड	नेपाल विद्युत प्राधिकरण	०		०	०	२०८२/०३/३२	१८७२९८.
३	०४/०१/२०८१	१	सडक किनारामा पोल स्थान्तरण साझेदारी कार्यक्रम	नेपाल विद्युत प्राधिकरण	०		०	०	२०८२/०३/३२	८२,३२९.००
										७६९,६२७.००
जम्मा									जम्मा	१९५९५५७.

पेश्की	११,८९,९३०

१९ वृस्तित परीयोजना सर्वेक्षण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० को १ मा सार्वजनिक निकायले बीस लाख भन्दा बढी मुल्यको परामर्श सेवा खरिद गर्न ऐनको दफा ३० बमोजिम सुचना प्रकाशन गरी आशयपत्र माग गर्नुपर्ने र बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्ने ब्यवस्था छ। यस स्थानीय तहले यो बर्ष वजेट सुनिश्चित नगरी देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको देखिन्छ। यस्तो कार्यमा पालिकाले सुधार गर्नुपर्दछ ।

क्र.सं.	कार्य विवरण	परामर्शदाताको नाम	स्विकृत लागत अनुमान	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
१	पिपलटार सिंचाई योजनाको डी.पी.आर.	रियल इम्प्याक्ट सोलुसन इन्जीनियरिङ्ग कन्सल्टेन्सी	९७९०००	९७९०००	९९९९७४.६७
२	गदिया खोला खानेपानी	लियोनार्दो इन्जेनियरिङ्ग कन्सल्टेन्स प्रा.ली.	८८७०००	८८७०००	९९८४९६.१३

डिपी.आर.तयार गर्दा पालिकासँग भएका ११ जना प्राविधिक जनशक्ति रहेको अवस्थामा सम्भव भए सम्म पालिकाकै जनशक्तिवाट यस्ता कार्य गराउनुपर्ने देखिन्छ। परामर्श सेवा खरिद गर्दा प्याकेजहरु बनाएर प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने र यसरी अध्ययन प्रतिवेदनवाट तयार भएका आयोजनाहरु कार्यान्वियनमा लैजानु पर्ने देखिन्छ। स्रोतको सुनिश्चितता गरेरमात्र वृस्तित परीयोजना सर्वेक्षण गर्नुपर्ने तथा सर्वेक्षण गरीएका आयोजना कार्यान्वियनमा लैजानुपर्ने देखिन्छ। उल्लेखित मध्ये गदिया खोला खानेपानी आयोजनाको काम भइरहेको भएतापनी स्रोतको अभावले गतिलिन सकेको देखिएन। साथै पिपलटार सिंचाई योजना कार्यान्वियन सुरु गरेको देखिएन।

२० **हेभिइक्यूपमेन्ट संचालन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा अमानतवाट काम गराउने सम्वन्धी व्यवस्था गरेको छ।पालिकाले कार्यालयको हेभीइक्युपमेन्ट संचालन कार्यक्रमवाट हेभिईक्वीपमेन्ट प्रयोग गरी मर्मत तथा वाटो सरसफाई कार्य संचालन गरी ईन्धन लगायतमा रु. ९८,८८,११९।०० खर्च गरेको छ ।पालिकाले हेभीइक्यूपमेन्ट प्रयोगरी कार्य गराउँदा कामको परीमाण, काम गरेको स्थान तथा तथा समयावधी समेत खुलाएको देखिएन । पालिकाले अमानतवाट काम गर्ने सम्वन्धी सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्थाको पुर्ण पालना गर्नुपर्ने देखिन्छ ।

मिति	भौ. नं.	विवरण	खर्च रकम
०२/१९/२०८२	८४३	हेभी इक्युटमेन्ट संचालन गरे वापत बिल भरपाई अनुसार ईन्धन खर्च	१०९९३४१
०३/२३/२०८२	१०५८	हेभी इक्युटमेन्ट संचालन गरे वापत बिल भरपाई अनुसार ईन्धन खर्च	१०७३५०८
१०/२०/२०८१	४६६	माघ महिनाको हेभी इक्युटमेन्ट संचालन गरे वापत बिल भरपाई अनुसार ईन्धन खर्च	१०६०९२३
०६/०६/२०८१	३	२०८१ आषाढ २० गते देखि श्रावण र भाद्र महिनाको हेभि इक्युपमेन्टको इन्धन खर्च	९८६७०३
११/२०/२०८१	५५८	चिट तथा मुल्याङकन वमोजिम हेभी इक्यूपमेन्टको खर्च	८०७५७२
०९/१७/२०८१	४२६	चिट तथा मुल्याङकन वमोजिम हेभी इक्यूपमेन्टको ईन्धन खर्च	७९९६९२
०८/१४/२०८१	३७४	चिट कुपन तथा विल वमोजिम २०८१ कार्तिक महिनाको हेभि इक्युपमेन्टको इन्धन खर्च	७०६२८५
०७/२१/२०८१	३०२	चिट कुपन तथा विल वमोजिम २०८१ असोज महिनाको हेभि इक्युपमेन्टको इन्धन खर्च	६९६९००
१२/१७/२०८१	६६३	हेभि इक्युपमेन्टको खर्च	६८३९९५
०६/२१/२०८१	१७८	हेभी इक्यापेमेन्टको इन्धन खर्च	६११९००
०१/२३/२०८२	७८०	हेभी इक्युटमेन्ट संचालन खर्च	७२३४००
१२/०१/२०८१	५९९	जेसीभि र इस्काभेटर संचालन खर्च	३४७०००
१२/०१/२०८१	६००	हेभी इक्युटमेन्ट संचालन खर्च	१२३४००
०६/२१/२०८१	१९०	हेभी इक्युटमेन्ट संचालन खर्च	९९,०००.००
१०/०३/२०८१	४४९	कार्यालयको हेभी मेसिन स्थानान्तरण खर्च	६९,३००.००
		जम्मा	९८८८११९

२१ **मु अ कर भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१३,०७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२२ **कन्टिन्जेन्सी खर्च** -

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) संग सम्बन्धित व्यवस्था सोही नियमावली को अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी वापतको रकम लागत अनुमानमा थप गर्ने व्यवस्था रहेको छ । कार्यालयले यस बर्ष रु. १२ लाख ४१ हजार कन्टीन्जेन्सी खर्च गरेको छ । महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै, सूचना प्रकाशन, दैनिक भत्ता जस्ता कार्यमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ । जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन।पालिकाले कन्टिन्जेन्सी खर्च गर्दा कार्यविधि तयार गरी कार्यक्रम स्वीकृत गरेर मात्र खर्च गर्नुपर्ने देखिन्छ ।

२३ **असुली गर्न बाँकी आन्तरिक आय**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-७** को निर्णयले रू **१२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **४८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२४ **जाल्पादेवि बालुवा खानी**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६२(क) को उपदफा १ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टि, बालुवा एवं माटोजन्य वस्तुको विक्रि गर्न सक्ने व्यवस्था रहेको छ। नेपाल सरकारबाट ढुंगा, गिट्टि, बालुवा उत्खनन् बिक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ जारी भएको छ। बागमती प्रदेश सरकारबाट जारी गरिएको प्रदेश आर्थिक ऐन,२०८१ को दफा ९ को उपदफा १ मा आ.व.२०८१।८२ मा माटो, ढुंगा, गिट्टी, बालुवा, स्लेट, चुनढुंगा, र दहत्तर बहत्तरको संकलनमा अनुसूची- ५ बमोजिमको शुल्क लगाउने व्यवस्था रहेकोछ । यस सम्वन्धी देखिएका व्यहोरा देहय अनुसार छन ।

१.जाल्पादेवि बालुवा खानी मिति २०७५ जेष्ठ २५ गते को विदुर नगर पालिकाको निर्णय अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वातावरण शाखाको मिति २०७४।११।२२ च.नं.१४० परिपत्र खानी तथा भूगर्भ विभागबाट उत्खनन कार्ययोजना, प्रारम्भिक वातावरणिय परिक्षण, TOR र प्रतिवेदन स्वीकृत गराई सो विभागबाट सहमति प्राप्त गरी सम्बन्धित नगरपालिकाबाट उत्खनन अनुमति पत्र जारी गर्ने व्यवस्था अनुसार नुवाकोट जिल्ला रातमाटे-१ को हाल बेलकोटगढि नगरपालिका वडा नं ७ को श्री जाल्पादेवी बालुवा प्रशोधन उद्योग कम्पनी प्रा.लि. लाई खानी तथा खनिज पदार्थ ऐन, २०४२ तथा खानी तथा खनिज पदार्थ नियमावली, २०५६ (संशोधन सहित) वमोजिम निम्न लिखित क्षेत्रभित्र साधारण निर्माणमुखि खनिज पदार्थको खनिज कार्य गर्न प्रचलित कानुनबमोजिम खानी उत्खनन गर्न खानी तथा भूगर्भ विभाग खानी अनुमति तथा प्रशासन शाखाको च.नं.६९६ मिति २०७६।०७७ को वालुवा उत्खनन अनुमति सहमति पत्रमा तोकिएको क्षेत्र भित्र तोकिएको शर्तहरुको अधिनमा रही मझौला स्तरको साधारण निमार्णमुखी वालुवा खानी उत्खनन गर्न विभागीय सहमति प्रदान गरि मिति २०८१।१२।२९ गते देखि मिति २०८८ साल अषाढ मसान्तसम्म मात्र साधारण निर्माणमुखि खनिज पदार्थको खनिज कार्य गर्न प्रचलित कानुन बमोजिम यो खानी उत्खनन् गर्ने गरी अनुमतिपत्र प्रदान गरेको देखिन्छ।

२.निर्माणमुखि खनिज पदार्थको खनिज कार्य गर्ने क्षेत्रको विवरण अनुसार बागमति प्रदेश, नुवाकोट जिल्ला विदुर नगरपालिका वडा न.३ अन्तर्गत टोपोसिट न २७८५-०१ "सि" मा पर्ने उचाई विन्दु ५०८०० मिटर बाट १८२५ मिटर उत्तर पुगेको विन्दु (नियामक पूर्व ६०६२८७५० मि र उत्तर ३०८२८१५५० मि) लाई मूल चिन्ह मानी सोवाट पूर्व २३७५० मिटर, पश्चिम ३८७५० मि उत्तर ४०००० मिटर र दक्षिण ० मिटर, गरी जम्मा ०.२५ वर्ग किमि । उक्त क्षेत्र पूर्व ६०५९०००० मि. देखि ६०६५२५०० मि. सम्म ३०८२८१५५० मि. देखि ३०८३२१५०० मि. भित्र खनिज कार्य गर्ने तोकियको छ। मझौला स्तर अनुमति पत्र बापत अनुमति दस्तुर रू. १०००००।- भू-वहाल वापत यस वर्षका लागी रू.५०००। र वाकी वर्षको नविकरण दस्तुरका लागी धरौटी रकम रू.२०००००। तोकियको छ। मझौला स्तर अनुमति पत्र वापत अनुमति दस्तुर रु १५००००।- भु वहाल वापत यस वर्षका लागी रु ५०००। र वाकी वर्षको नविकरण दस्तुर का लागी धरौटी रकम रु ३०००००। बैंक दाखिला गरि २०८१।६।१५ गतेको विभागिय निर्णय अनुसार खानि

तथा भु गर्भ विभाग माइनिङ्ग स्किम श्रावण 2081 को सैद्धान्तिक स्वीकृति अनुसार २०८१।८।४ गतेको विभागिय निर्णय अनुरूप भु-गर्भ विभाग बाट प्रतिवेदन कार्य सुचि (TOR) (असोज २०८१) स्वीकृति प्रदान गरी २०८१।८।२४ मा भुगर्भ विभाग बाट IEE प्रतिवेदन स्वीकृत गरेको देखिन्छ।

३.२०८१।८।२७ मा अनुमति पत्र बापत हुन आउने रू.२१००० दाखिला गरी साथै २०८१।८।२८ गते भुगर्भ विभागबाट बिदुर नगरपालिकालाई बालुवा उत्खनन अनुमती सहमतिको लागी पत्रचार गरिए अनुसार २०८१।१०।१५ मा उक्त कार्यको अनुगमनका लागि इन्जिनियर उत्तम कुमार शाह, सुदर्शन सेडाइ र गंगाराम विष्टलाई तोकिएको अनुगमन समितिले प्रतिवेदन पेस गरे पश्चात पालिकाबाट २०८१।१२।२९ गते निर्माण मुखी खनिज पदार्थको अनुमति प्रदान गरिएको छ। २०८२।२।२० मा जाल्पादेवि बालुवा प्रसोधन उद्योग कम्पनी प्रालीले २०८१।०८२ अन्तर्गत २०८२ बैशाख महिनाको मुलद्वारबाट निकासी २६८१ घनमिटर रु.२० का दरले रू.५३६२० र जेष्ठ महिनाको ३२३४ घनमिटर परिणामको रू.६४६८० र २०८२।४।५ गते आषाढ महिनाको रोयल्टी उत्पादन नभएको भन्दै बुझाएको पाइएन। पालिकालाई प्राप्त हुने रोयल्टि प्रचलित कानुन अनुसार दाखिला गराउन पालिकाको ध्यान जानु पर्दछ।

२५ **कर सम्वन्धी विवरण**

यस सम्वन्धी देखिएका व्यहोरा देहाय अनुसार छन।

२५.१ **कर असुली**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

क्र.स	विवरण	अनुमान गरेको रु वार्षिक	यथार्थ आय रु .	यथार्थ आय प्रतिशत
१	सम्पती कर	१००००००००	४८७१५१९	४९
२	भुमिकर/ मालपोत	१५००००००	१२४४६५४९	८३
३	वहालकर	१५००००००	१०६११६१९	७१
४	वहाल विरौटी कर	२५०००००	८१००००	३२
५	अन्य मनोरञ्जन कर	२०००००	३५०००	१८
६	कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर	१००००००	०	०
७	अन्य कर	२०००००	६६६१५२१	३३३१
८	न्यायिक दस्तुर	२०००००	८२००	४
९	शिक्षा क्षेत्रको आम्दानी	५०००००	१२०२७५	२४
१०	अन्य प्रशासनिक सेवा शुल्क	०	१३७१३७३	०
११	नक्सापास दस्तुर	४००००००	५२१३८०३	१३०
१२	सिफारिश दस्तुर	१४२००००००	६६३७४६०	४७
१३	व्यक्तिगत घटना दस्तुर	२०००००	७३३६००	३६७
१४	नाता प्रमाणित दस्तुर	२०००००	३१८०००	१५९
१५	अन्य दस्तुर	२०००००	३६४७८५	१८२
१६	व्यवसायिक रजिष्ट्रेशन दस्तुर/व्यवसाय कर	१००००००००	७४१९४२५	७४
१७	विज्ञापन कर	२०००००	२०९४५५	१०५
१८	दहत्तर बहत्तर शुल्क	५६६००००००	२४९८५५२३	४४
१९	बेरुजु	१०००००	०	०
जम्मा		१३०३००००००	८२८१८१०६	४७२०

२५.२ **मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८१/८२ मा पालिकाले रू ३५०००।- मनोरञ्जन कर संकलन गरेको छ। यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ।

२५.३ **सवारी कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ।

२५.४ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.७४१९४२५।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

२५.५ **विज्ञापन कर**- नेपालको संविधानको अनुसूची ९ को बुँदा नं ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। बागमति प्रदेश आर्थिक ऐन, २०८१ को दफा ६ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। सामाजिक संजाल मार्फत हुने विज्ञापनलाई कानूनको दायरामा ल्याउन सकिएको देखिएन। पालिकाको आर्थिक ऐन, २०८१ मा होर्डिङ् वोर्ड ब्यानर तथा माईकिङ् मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्यख्या गरि यो वर्ष विज्ञापन कर रु.२०९४५५।- असुल गरेको देखियो। तेस्तै विद्युतीय संजाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन। विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुलाई समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनु पर्दछ।

२६ राजश्व दाखिला विवरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिका र पालिकाभित्रका १३ वडाको राजस्व असुली परीक्षण गर्दा रु.८२८१८१०६ ।- असुली भइ दाखिला भएको पाइयो।

२७ आय ठेक्काको बोलपत्र

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६२क को उपदफा १ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टि, बालुवा एवं माटोजन्य वस्तुको विक्रि गर्न सक्ने व्यवस्था रहेको छ। नेपाल सरकारबाट ढुंगा, गिट्टि, बालुवा उत्खनन् बिक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ जारी भएको छ। बागमती प्रदेश सरकारबाट जारी गरिएको प्रदेश आर्थिक ऐन,२०८१ को दफा ९ को उपदफा १ मा आ.व.२०८१।८२ मा माटो, ढुंगा, गिट्टी, बालुवा, स्लेट, चुनढुंगा, र दहत्तर बहत्तरको संकलनमा अनुसूची- ५ बमोजिमको शुल्क लगाउने व्यवस्था रहेकोछ। यस सम्वन्धी देखिएका व्यहोरा देहय अनुसार छन्ः

१.पालिकाले गराएको वातावरणीय प्रभाव मूल्यांकन अनुसार आफ्नो क्षेत्रभित्रका खोलाहरुवाट ढुंगा गिट्टी बालुवा,उत्खनन् गर्ने प्रयोजनको लागि तिन वटा प्याकेज वनाई आ.ई.ई. प्रतिवेदन तयार गरेको देखियो।उक्त प्रतिवेदन अनुसार त्रिशुली नदि आसपास, सलाखु, फलाखु, सामरी,गेर्खु, र तादि खोलामा नदिवाट उत्खनन गर्न योग्य परिमाण ६२८३३२६ घन फिट रहेको छ । पालिकाले मिति २०८१।३।६ मा तादि नदि क्षेत्रको २८०७८५१ घन फिट का लागी प्रति घन मीटर रू.९ का दरले पहिलो पटक सुचना प्रकाशन गरेको र प्रस्ताव नपरेको दोस्रो पटक २०८१।४।२२ मा सुचना प्रकाशन गरेको र प्रस्ताव नपरेको र तेस्रो पटक २०८१।३।६ मा पटक पटक सुचना गर्दा पनि प्रस्ताव नपरेको कारण साविकको परिमाणमा ४१२९३४५ घनफिट परिमाण घटाई बाँकी परिमाण २१५३९८१ घन फिटका लागी प्रदेश सरकारको मिति २०८१।३।३० को अर्थ सम्वन्धी संसोधित आर्थिक ऐन अनुसार प्रति घन फिट रू .७ का दरले भ्याट सहित रू. १,७०,६३,०००।- लागत अनुमान अनुसार सुचना प्रकाशन गरेकोमा उक्त सुचना अनुसार अधिक्तम कवोल गर्ने रू. १७२३३१२७.१५ वोलपत्र दाता प्रसुन निर्माण सामग्री सप्लायर्सको प्रस्ताव स्वीकार गरी उक्त प्रस्तावकसंग संझौता गरेको देखिन्छ ।

२. ढुंगा गिटी वालुवा उत्खनन विक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा ७ अनुसार उत्खनन तथा संकलनको परिमाण नियन्त्रण गर्नको लागि संकलन उत्खनन आदेश दिनुपूर्व प्राविधिकबाट गरेको नाप जाँच तथा रेखाङ्कनका आधारमा उत्खननमा संकलन क्षेत्र निर्धारण गरी लाईन लेवल समेत दिनुपर्ने व्यवस्था छ । उक्त क्षेत्रको नियमित अनुगमन गर्नुपर्ने, निर्धारित परिमाण भन्दा बढी परिमाणमा उत्खनन भएको अनुगमनबाट देखिएमा उत्खनन तथा संकलनको कार्य बन्द गराउनुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले संकलन उत्खनन आदेश दिनुपूर्व प्राविधिकबाट नाप जाँच तथा रेखाङ्कनका आधारमा लाईन लेवल दिएको देखिएन । पालिकाले नियमित अनुगमन गरि उत्खनन् तथा संकलन गरेको परिमाण आवधिक रुपमा नापजाँच गरी यकिन गर्दै जानुपर्नेमा एकै पटक मिति २०८१।१०।९ मा मात्र उत्खनन् क्षेत्रको स्थलगत नापजाँच नगरी प्रविधिकले करीव संझौता अनुसारको परीमाण उत्खनन् गरेको उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराएको देखिन्छ । उत्खनन् कार्य मिति २०८१।९।२७ देखि वन्द गर्न ठेकेदारलाई पत्र पठाएको देखिन्छ । उक्त पत्र अनुसार प्रसुन निर्माण सेवाले ६१००२ घ.मी अर्थात २१५३९१० घ.फि उत्खनन् गरेको उल्लेख छ । यसरि स्वीकृत ठेक्काको ढुङ्गा, गिट्टि, बालुवा,उत्खनन गरी घाटगद्दि गरि वितरण गर्नु पर्नेमा घाटगद्दि समेत गरेको देखिएन ।

३.**अमानतबाट राजश्व संकलनः** आर्थिक ऐन, अनुसार प्राकृतिक स्रोत उपयोग र निकासी कर सम्बन्धी व्यवस्था रहेको छ । क्षेत्राधिकार भित्र रहेका तादि नदिको प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित परिमाण उत्खनन गर्नु पर्दछ । पालिकाले आय ठेक्का बन्दोबस्त गर्दा वातावरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसारको खोला अनुसारको तोकिएको परिमाणको ठेक्का वन्दोवस्त गर्नुपर्दछ । पालिकाले २१५३९८१ घनफिट परिणमाको ढुंगा, गिट्टि, बालुवा, माटो, लगायतको निकासी जन्य कार्य हुनु अघी र पछी गरी उक्त स्थान बाट थप ६१६४४७ घ.फि को परिमाणमा अमानतबाट संकलन गरी रू. ४८,७६,०९५।८५ आम्दानी गरेको पाईयो। पालिकाले अमानतवाट ढुंगा, गिट्टि, बालुवा, माटो, लगायतको निकासी गर्दा राजश्व संकलनको लागि ११ जना कर्मचारी नियुक्ती गरी रू. ७१७,०००।०० खाजा खाना खर्च भुक्तानी गरेको छ । संकलन गरेको राजश्व मध्ये समग्रमा यस आर्थिक बर्षमा नै स्थानीय सञ्चित कोषमा जम्मा गरेको देखियो। पालिकाले प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदन (IEE) अनुसारको परिमाणलाई ध्यान दिनुपर्दछ । पालिकाले प्राप्त राजश्व दाखिलालाई प्रचलित कानुन अनुसार ठेक्का लगाई राजश्व संकलनलाई थप प्रभावकारी वनाउनुपर्दछ ।

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२४** को निर्णयले रू **२६९,३१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२८ **राजश्व वाँडफाँड -**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२४** को निर्णयले रू **२१५,८०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२९ **आन्तरिक आय तर्फ**

२९.१ **उपकरण परिचालनमा आम्दानी र खर्चको अवस्था**-पालिकामा एक्साभेटर, ट्रिपर, एम्बुलेन्स र ब्याकहो लोडर लगायतका उपकरण रहेकोमा सोको परिचालनबाट देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन।

सिनं	सामानको विवरण	खर्च रकम				जम्मा आम्दानी रु
		इन्धन खर्च रू	चालक/हेल्परको तलब भत्ता	मर्मत खर्च रू	जम्मा खर्च रू	
१	एक्साभेटर, ट्रिपर, दमकल र ब्याकहो लोडर	४४२४६३५	२९२७१००	५४७३९६५	१२८२५७००	आवश्यकता अनुसार नगरको विकासको लागी परिचालन

२९.२ **रसिद नियन्त्रण खाता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी प्राप्त गर्दा नगदी रसिद आम्दानी जनाइ त्यसलाई दैनिक आम्दानी किताबमा प्रवष्टि गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । सोही ऐन को दफा ७२ (२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले राजश्व असुलीमा प्रयोग हुने नगदी रसिद को गत वर्षको अल्या जिम्मेवारी यस वर्षको आम्दानी र खर्च तथा बाँकी मौज्दातको अभिलेख रसिद नियन्त्रण खातामा राख्नु पर्दछ । पालिकाले रसिद नियन्त्रण खाता राख्ने गरेको नदेखिएकोले राजश्व असुलीमा प्रयोग हुने रसिद उपर्युक्त ढङ्गबाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । पालिकाले म.ले.प.फा.नं. ९०४ बमोजिम रसिद नियन्त्रण खाता राखी व्यवस्थित बनाउनुपर्दछ । साथै राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्न ध्यान दिनुपर्ने देखिन्छ।

२९.३ **आन्तरिक आयको परिक्षण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५९ मा जुनसुकै माध्यमबाट प्राप्त भएको राजस्व रकम स्वीकृत राजस्व वर्गिकरण र व्यख्या बमोजिम लगति तथा हसवली राजस्व आम्दानी दाखिला गरी दोहोरो लेखा प्रणालीको सिद्वान्त अनुसार राजस्व लेखा अद्यावधिक गर्नु पर्ने व्यवस्था छ। पालिकाले संचालन गरेको सुत्र नामक सफ्टवेयरको माध्यमबाट रू ८,२८,१८,१०५।९७ (ढुङ्गा, गिट्टी बालुवा दहत्तर बहत्तर को प्रदेश र स्थानीय तहमा बाँडफाँड हुने रकम भ्याट रकम सहित (संघीय तथा प्रदेशबाट हुने बाँडफाँटबाट प्राप्त हुने राजस्व रकम सहित) देखाएको छ। पालिका तथा वडा कार्यालयबाट संकलन हुनुपर्ने राजस्व पालिकालाई जानकारी विना राजस्व खातामा बैंक दाखिला भएकोले यस प्रकारको फरक देखा परेको भन्ने पालिकाको भनाई रहेको छ। सुत्र प्रणालीको माध्यमबाट राजस्वको शिर्षक अन्तर्गतको विस्तृत विवरण तथा सम्बन्धित शिर्षकमा दाखिला गर्ने व्यक्तिको सुचि तथा रकमगत विवरण प्राप्त हुन सकेन। त्यसै गरी सुत्रबाट प्राप्त विवरण पनि एक आपसमा भिडान हुन सकेनन्। तसर्थ पालिकाले राखेको राजस्वको हिसावको यथार्थता सुनिश्चित हुन सकेन। राजस्व सम्बन्धी खण्डिकृत र एकिकृत सबै सूचना प्राप्त हुने गरी हिसाव अद्यावधिक हुनु पर्दछ।

२९.४ **ढिला राजस्व दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ। पालिका अन्तर्गतका अधिकांश वडा सचिवहरुले राजस्व आम्दानी नगद बुझ्ने गरेको र औसतमा करिव २ महिना सम्म ढिलो गरी राजस्व दाखिला गर्ने गरेको देखीयो।यस सम्बन्धमा भौगोलिक विकटता र सबै स्थानमा सहज बैङ्किङ् पँहुच नभएको कारणले समयमा राजस्व दाखिला हुन नसकिएको प्रतिक्रीया प्राप्त भएता पनि कानुनको पालनामा पालिकाको ध्यान जानुपर्दछ।

३० आय स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१/८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४७,३०,८८,०७७।००	९८,१८,९०,५४७।७८	१०.२३

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १०.२३ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३१ आयको अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

क्रसं	आ.व	आय अनुमान	संकलित रकम	प्रतिशत
१	०७९/०८०	१५६०५००००	८७१०९०७४	५६
२	०८०/०८१	११४०५००००	७९१०९९६६	६९
३	०८१/०८२	१३०३०००००	८२८१८१०६	६४

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आव २०७९/८० मा रु.१५६०५००००।-आय अनुमान गरिएकोमा रु. ८७१०९०७४।- अर्थात ५६ प्रतिशत संकलन भएको छ त्यसै गरी आव २०८०/८१ मा रु ११४०५००००।- आय अनुमान गरिएकोमा रु ७९१०९९६६।-अर्थात ६९ प्रतिशत संकलन भएको देखिन्छ। आव २०८१/८२ मा रु १३०३०००००।-आय अनुमान गरिएकोमा रु ८२८१८१०६।–(६४ प्रतिशत) आय प्राप्त भएको छ। पालिकाको तीन वर्षको आन्तरिकआय बढ्दो क्रममा भएता पनि पालिकाको प्रशासनिक खर्चको तुलनामा आन्तरिक आयको अंश न्यून रहेको देखिन्छ। अत: पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको विवरण अद्यावधिक गर्नुको साथै पालिका भित्रका सम्पूर्ण आर्थिक कारोवारहरुलाई करको दायारामा ल्याई आन्तरिक आय वृद्धि गर्ने तर्फ जोड दिनुपर्दछ।

३२ पाम्समा दाखिला

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ बमोजिम सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको जाँच गरी उक्त मालसामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायको फर्महरुबाट खरिद गरेका जिन्सी मालसामानहरु PAMS मा दाखिला गरेको छैन ।वडा कार्यालयहरुले उक्त मालसामान खरिद गरी म्यानुअल लुज सिटमा दाखिला गरेको आधारमा रु. ३७४,६६७।०० खर्च लेखेको छ । PAMS प्रणालीमा उक्त मालसामानहरु दाखिला नहुदा पालिकाले खरिद गरेको हालसम्मको जिन्सी सम्पत्ति एकिकृत विवरणको यथार्थ अवस्था देखिदैन ।जिन्सी निरिक्षण तथा मौज्दात विवरणमा समेत समावेश नहुने असर पर्दछ । पालिका अन्तर्गतका वडा कार्यालयहरुले आफै खरिद गर्ने र म्यानुअल लुज सिटमा दाखिला गरेको आधारमा भुक्तानी गर्ने प्रवृति रहेको कारण उक्त जिन्सी मालसामानहरु PAMS मा दाखिला नभएको देखिन्छ ।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ अनुसार जिन्सी सम्पत्तीको एकिकृत प्रतिवेदन तयार गर्न महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली तयार गरेको छ र यो प्रणाली तीनै तहका सरकारी कार्यालयले प्रयोग गर्नुपर्नेमा पालिकाले पुर्णरुपमा कार्यान्वियन नगरेकोले उक्त खर्च नियम सम्मत देखिएन ।

भौ न र मिति	रकम	जिन्सी मालसामान	फर्म	प्रयोजन
१३६५।२०८२। ३।२३	७१०००	AKL (१२०० BTU) १ टनको एयर कन्डिसन	ह्यारी भाई सप्लायस	१२ नं वडा कार्यालयमा खरिद जडान
१४४९।२०८२। ३।२५	८१०००	१२ आइटम विभिन्न थान स्वास्थय सामाग्री खरिद	होरिजोन ट्रेर्ड लिकं	१० नं वडा कार्यालयले जेष्ठ नागरिकहरुको स्वास्थय परिक्षणको लागि खरिद
१४३१।२०८२। ३।२५	२२२६६७	विभिन्न थान फर्निचरहरु खरिद	श्रेष्ठ फर्निचर एण्ड जनरल ट्रेर्डस	वडा न ३ को कार्यालयको लागि खरिद
जम्मा	३७४६६७			

अनियमित भएको	३,७४,६६७

३३ **सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा तोकिएको सिमामा मात्रै मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गरेको वा निर्माण कार्य सोझै गराउन सक्ने ब्यवस्था छ भने १(ख)मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढी रकमको एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने ब्यवस्था छ।यस पालिका कार्यालयले निम्नअनुसारको खानेपानी तथा सिंचाईकालागि आवश्यक सामाग्रि एउटै आपुर्तिकर्तासंग सोझै खरिद गरेको देखिन्छ।यसरी कानुनमा भएको ब्यवस्था पालना नगरी एउटै प्रकृतिको खरिद कार्य पटक पटक एउटै पार्टीसंग खरिद गरेको नियमसम्मत देखिएन।अतःनगरपालिकले यस्तो कार्य नियन्त्रण गरी खरिद नियमावलीको पालना गर्नुपर्दछ ।

क्र.सं.	गो. भौ. न.	मिति		विवरण	भुक्तानी रकम
१	६०६.	१२/०३/२०८१	ओम शिवशक्ती सप्लायर्स ३००७२४१५६	सिचाईको लागि विविध सिंचाई कार्यक्रमवाट १६६३ मिटर पाईप खरिद	४६४७४४.
३	७४७.	१२/२९/२०८१		खानेपानी पाईप खरिद ७१०० मिटर पाईप	४६००००.
४	८६५.	०२/२६/२०८२		खानेपानी पाईप तथा पम्प लगायत सामाग्री खरिद	२९९९८६.
५	१०१६.	०३/१९/२०८२		खानेपानी पाईप लगायत सामाग्री खरिद	४३९३८९
७	१११०.	०३/२५/२०८२		खानेपानी पाईप लगायत सामाग्री खरिद	६०१३०७
१	४००.	०८/२७/२०८१	ऊ शिव शक्ति हार्डवेयर ३०२८८४२४३	८७८० मीटर पाईप लगायत खरिद	९९५०००
३	४५९.	१०/१३/२०८१		खानेपानी फिटिङ्स समाग्रि खरिद	१०३०००
				जम्मा	३३६३४२६.

अनियमित भएको	३६,६३,४२६

३४ **प्रविधि हस्तान्तरण कार्यक्रम**

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा प्रविधि हस्तान्तरण कार्यविधि, २०८० को दफा ४ मा उल्लेखित कार्यक्रम तथा लक्षित वर्गको लागि मागमा आधारीत तथा दफा ८ मा तोकिएको प्रविधि हस्तान्तरणको विषयमा प्रविधि हस्तान्तरण गर्नुपर्ने देखिन्छ।तर कार्यालयको आ.व २०८१/८२ मा विविध कार्यक्रम खर्च अन्तर्गत लघु, घरेलु तथा साना उद्यमहरुलाई मागमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रमको लागि १००००००० विनियोजन भई सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ बमोजिम ३ वटा कोटेशनको आधारमा कोशेली घरको विभिन्न civil work तर्फ कम दररेट पेश गर्ने हिलोस्टोर्म कन्स्ट्रक्सन एण्ड कन्सलटेन्सीलाई रु ९२२०००/ भुक्तानी गरेको देखियो। कार्यविधिले तोकेको भन्दा फरक कार्यमा खर्च गरेको नियमसंम्मत देखिएन।

अनियमित भएको	९,२२,०००

३५ **संझौता संसोधन**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ बमोजिम फुटकर खरिद बाहेक अन्य खरिद गर्दा खरिद सम्झौता गरि शर्तहरु सम्झौतामा उल्लख गरिने व्यवस्था रहेको छ। कार्यालयमा पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तरगत पोष्ट बहादुर बोगटी स्मृती प्रतिष्ठान भवन निर्माणको लागि बोलपत्र भई न्यू बोगटी बिल्डर्स संग रु.६५४२३५७/ को खरिद सम्झौता हुँदा defects liability period १३ दिनको मात्र भएको देखिंदा सार्वजनिक खरिद अनुगमन कार्यालयको standard bidding मा हुने सम्झौता न्युनतम १३ महिनाको हुने व्यवस्था भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५३ बमोजिम उक्त खरिद सम्झौता संशोधन गर्नुपर्ने देखिन्छ।

३६ **अवकाश कोष**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका स्थायी कर्मचारीले निजको सेवा शर्त सम्वन्धि कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण औषधि उपचार लगायत सुविधा उपलव्ध गराउनका लागि एक अवकाश कोष स्थापना गर्नुपर्ने भन्ने व्यवस्था गरको छ । पालिकाले उक्त अवकाश कोषको स्थापना गरेको छैन ।

३७ **अधुरो योजनाहरु**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा खरिद संझौता सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछी आपूर्तिकर्ता निर्माण व्यवसायी सेवा प्रदायक वा परामर्शदातालाई करारका शर्त वमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले निम्न अनुसारका सालवसाली प्रकृतिका निर्माण कार्यको संझौताको म्याद सकिएकोमा ९० प्रतिशत भन्दा कम प्रगति भएका निर्माण कार्यको कार्य स्वीकार नगरी अन्तिम विलको भुक्तानी दिएको देखिन्छ। निम्न अनुसारका अधुरो योजनाहरुकोलागि वजेट व्यवस्था गरी खरिद संझौता वमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्ने तथा कानुनमा भएको व्यवस्थाको पुर्ण पालना गरी खरिद संझौताको कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

कामको विवरण	निर्माण व्यवसायीको नाम र ठेगाना	म्याद सम्बन्धि विवरण			सम्झौता र भुक्तानी सम्बन्धी विवरण			प्रगति प्रतिशत
		सम्झौता मिति	कार्य सम्पन्न गर्नुपर्ने मिति	कार्य सम्पन्न भएको मिति	लागत अनुमान रकम	सम्झौता रकम	कुल यथार्थ खर्च	
भ्याउरेखोला रहले सिचाइ कुलो र सिमपानी भदुवार सिचाइ योजना	Om bajra construction	२०८२।०१।०९	२०८२।०२।२६	२०८२।०२।१५	५९९३२५	५४२२७७	२५५८६०	४७।१८
चैनपुर लिफ्ट खानेपानी योजना	यु. एम. निर्माण सेवा	२०८१।१२।०८	२०८२।०२।१४	२०८२।०२।१३	१०९९८१२	१०३६१८७	५४०९०९	५२।२०
सिमुटार नेवारटोल जोड्ने सडक	ओम वज्र कन्स्ट्रक्सन	२०८२।०२।०१	२०८२।०३।१०	२०८२।०३।१०	७९९७७७	६६३८९५	३९६५६०	५९।७३
विदुर क्रिकेट रंगशाला निर्माण	वि.एण्ड सि. कन्स्ट्रक्सन एण्ड मल्टिप्रपोज	२०८१।१०।२९	२०८२।०२।०१	२०८२।०२।०१	२४९२५००	२४०८६२०	१५७८०७७	६५।५२
मेलेपुसुन्टार उजेलीडाँडा दलित वस्ती सडक बाटो	वि.एण्ड सि. कन्स्ट्रक्सन एण्ड मल्टिप्रपोज	२०८२।०१।०९	२०८२।०२।१५	२०८२।०२।१३	७९९८४३	५६४९६१	४५७२२९	८०।९३
काउलेखेत तल्लो केराघारी खानेपानी मर्मत	एभरेष्ट कन्स्ट्रक्सन	२०८१।११।२५	२०८२।०२।१८	२०८२।०२।१४	९९८२५९	८१२६७१	६६३७१४	८१।६७
सुर्यगढी चन्द्रगढी गेर्खुगढी जितगढी दुधेलामा एतिहासिक स्थल संरक्षण कार्यक्रम सुर्यगढी ३ विदुर नपा ११ नुवाकोट	शुभम कन्स्ट्रक्सन	२०८१।०९।०३	२०८२।०१।३०	२०८२।०१।२५	८६९२५९४	५१८०९६७	४३०९४६१	८३।१८
एतिहासिक नुवाकोट दरवार खानेपानी योजना	शिवशक्ती कन्स्ट्रक्सन	२०८२।०२।२५	२०८२।०३।१०	२०८२।०३।१०	२६५९८८९	१९६९८९६	१६९८१८१	८६।२१
त्रीशुली वजारविचको पुरानो गणेश मन्दिर पाटी पुन निर्माण	चण्डेश्वरी निर्माण सेवा	२०८२।०१।०४	२०८२।०३।०५	२०८२।०३।०५	७९९१११	७२०१८०	६२८८८७	८७।३२
राइसिडबाट केउरीनी जाने सडक नाली निर्माण	नवकोट कन्स्ट्रक्सन	२०८१।११।२६	२०८२।०२।१५	२०८२।०२।१५	१९९५२७०	१०२७४७५	९०२६७४	८७।८५
उपल्लो गेर्खु खानेपानी योजना	उपल्लो गेर्खु खानेपानी योजना	२०८१।११।२०	२०८२।०२।२०	२०८२।०२।१९	६९९९९६७	३९४३०२९	३४६४५४८	८७।८७
बगुवादेखि पहरेखोप हुदै तल्लो राइसिङ सडक कालोपत्रे	जयज्योत /गैतम जेभी	२०८१।१२।०७	२०८२।०२।२५	२०८२।०२।२५	१९४१४४४३	११८८६६१६	१०६७००५५	८९।७७

३८ **अग्रिम आयकर**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-६** को निर्णयले रू **२१,०१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-६** को निर्णयले रू **८,२१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-६** को निर्णयले रू **६,०८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१०** को निर्णयले रू **७,५९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-६** को निर्णयले रू **१,९८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-६** को निर्णयले रू **१२,६०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३९ **कर समायोजन**

भुक्तानी गर्दा प्रचलित मूल्य अभिवृद्धि कर कानून बमोजिम मुल्य अभिवृद्धि करको ३० प्रतिशत कट्टि गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले निम्नअनुसारको भुक्तानीमा मुल्यअभिवृद्धिकर कट्टा गरेको नदेखिएकोले मुल्य अभिवृद्धिकर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

भौचर	मिति	कार्यक्रम		लागत अनुमान	संझौता	काम सम्पन्न	भुक्तानी	३० प्रतिशत मुल्य अभिवृद्धि कर
११७१	२०८२।३।२५	विदुर क्रिकेट रंगशाला निर्माण	वि एण्ड सी कन्ट्रक्सन एण्ड मल्टिप्रपोज कम्पनी ६१९८२१३९७	२४०८६२०	२४०५४१२	१५७८०७८	१३५००००	५३१२८.५८
११७०	२०८२।३।२५	सार्वजनिक सौचालय निर्माण	आर जे निर्माण सेवा ३०३४१५३०७	६२०३७०	६१८९३९	६१८९३०	४०००००	२१३६१
११७१	२०८२।३।२५	मेलेपुसुन्टार उजेलीडाँडा दलित वस्ती सडक बाटो	वि एण्ड सी कन्ट्रक्सन एण्ड मल्टिप्रपोज कम्पनी ६१९८२१३९७	७९९८४३	५६४९६१	४५८६७८.१	४०००००	१५३९६
११६३	२०८२।३।२५	कुवाहिटि सरक्षण निति	जि एस कन्स्ट्रक्सन	९८६६०८	९४९७६८	९४९७६८	८०००००	३२७७९
							जम्मा	१२२६६५

प्रमाण पेश नगरेको	१,२२,६६४.५८

४० **खानेपानी योजना**

गडियाखोला भाल्छे मुहान खानेपानी मुहान देखि वडा नं १,७.८र ९ खानेपानी योजनाको विस्तृत परीयोजना सर्वेक्षण अनुसार लागत अनुमान रु ३३ करोड १७ लाख ११ हजार रहेको छ। यो परियोजना आर्थिक वर्ष २०७८।७९ मा सुरुवात भई हाल सम्ममा रु ३ करोड ५६ लाख २४ हजार खर्च भएको छ। उक्त काम मध्ये आर्थिक बर्ष २०८१।८२ मा लागत अनुमान रु.२९९९२२८३।४४ गरी वोलपत्र आह्वान गरेकोमा आकाश निर्माण सेवासंग मुल्य अभिवृद्धि कर समेत रु २४३७६२९१ मा मिति २०८२।३।१५ मा काम सम्पन्न गर्ने गरी २०८१।११।२ मा संझौता गरेको उक्त कार्य सम्पन्न गरेतापनि आयोजना सुरु भएको ३ वर्षमा कुल कामको करीव १५ प्रतिशत

मात्र कार्य सम्पन्न गरेको देखिन्छ। आयोजनालाई आवश्यक स्रोतको सुनिश्चितता गरी नागरीकलाई खानेपानी आपुर्ति सुचारु गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ।

४१ **संझौताको कार्यान्वयन**

तुप्चे संग्राहालय भवन निर्माण कार्यको लागत अनुमान रु २६९९१२० गरेकोमा वोलपत्रको माध्यमवाट मष्टमण्डली गौतम जेभिसंग रु २५८०७६९ मिति २०८१।१०।२८ संझौता गरी उक्त योजना संचालन गरेको देखिएन।२०८२।२।१ मा कार्य सम्पन्न गर्नुपर्नेमा कासुचारु गरेको देखिएन। योजना संचालन गर्दा जग्गाको स्वामित्व अवस्था परियोजना सर्भेक्षण योजना तयार गरी आयोजनाको औचित्यता समेत पुष्टि हुने योजनामा लगानी गर्नुपर्दछ। पालिकाले उक्त योजनाको वोलपत्र प्रकृया अगाडी वढाएकोमा कार्य प्रगति शुन्य रहेको छ।

४२ **रिटेन्सन मनी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **६९,८२६.४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **२७,३८६.२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **२०,२९५.४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८,०९७.४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **६,६२०.७१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **४२,०२५.१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४३ **अवकाश सुविधा**

नुवाकोट जिल्लाको साविक तुप्चे नमुना गाउँ विकास समितिको कार्यालयको पदपूर्ति समितिको सिफारिस अनुसार सहायक स्तर चौथो कार्यालय सहायक खरिदार पदमा मिति २०६५।९।३ देखि जेष्ठता कायम हुने गरी स्थायी नियुक्ती भएका राजेन्द्र प्रसाद रिजाल समयोजन ऐन, २०७५ अनुसार समायोजन भइ विदुर नगरपालिकामा पदस्थापना भएको र २०८०।४।१५ को निर्णय अनुसार नेपाल प्रशासन सेवा सहायक पाँचौ नासु पदमा तह वृद्धि भइ ५८ वर्षको उमेर हदका कारण २०८१।४।८ गते विदुर नगरपालिकाबाट अनिवार्य अवकाश भएको छ । निजले १५ वर्ष ७ महिना ४ दिनको सेवा अवधि पुरा गरेकोमा हालसम्म अवकाश पश्चात प्राप्त गर्ने उपदान, औषधि उपचार, बिदा लगायतका सेव सुविधा भुक्तान भएको छैन ।स्थानीय निकायबाट स्थायी नियुक्ती भएको र अवकाश पश्चात प्राप्त गर्ने सुविधाको सम्वन्धमा प्रष्ट कानुनी व्यवस्था नभएकोले उक्त सम्वन्धमा नगरपालिकाले जिल्ला समन्वय समितिलाई टिप्पणी निर्णय मार्फत पत्राचार गरेको, जिल्ला समन्वय समितिले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष टिप्पणी पेश गरेको तर हाल सम्म निर्णय भइ नसकेकोले, जिल्ला समन्वय समिति नुवाकोट र विदुर नगरपालिकाले यथाशिघ्र पहल गरी समयमै निर्णय हुनु पर्दछ ।

४४ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था

छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष ७९ उजुरी परेकोमा ७८ वटा फस्र्यौट भएको १ वटा फछ्र्यौट हुन बाकिँ १ पुनरावेदन परेको र १४ वटा फैसला भएको देखिन्छ। दर्ता भएका सबै मुद्दाको न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

४५ **सामुदायिक वन क्षेत्रको वन पैदावर**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-७** को निर्णयले रू **२०,७४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-७** को निर्णयले रू **२१,५६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-७** को निर्णयले रू **१४,५२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२४** को निर्णयले रू **५,३२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-६** को निर्णयले रू **६,१५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२४** को निर्णयले रू **१५,०९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२४** को निर्णयले रू **७,१६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२४** को निर्णयले रू **२१,४६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४६ **खर्चको पुष्ट्याई**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२४** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-७** को निर्णयले रू **१३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४७ **जरिवाना भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-७** को निर्णयले रू **१,६५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **८६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-७** को निर्णयले रू **८३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४८ **सुरक्षित आवासगृह अल्पकालिन सेवा केन्द्र**

घरेलु हिंसा (कसुर र सजाय ऐन तथा सो को नियमावली २०६७ र नेपालको संविधान २०७२ ले गरेको व्यवस्था अनुसार विदुर नगरपालिकाले यस भित्रको कार्यक्षेत्रमा आपतकालिन अवस्थामा सम्प्रेशण भई आएका लैंगिक हिंसाबाट पीडित महिलाहरुलाई तत्काल अल्पकालिन सेवा र सुविधा पुर्याउनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि विदुर नगरसभाले अल्पकालिन सेवा केन्द्र संचालनको लागी "विदुर अल्पकालिन सेवा केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ जारी गरिएको छ ।सेफहाउस सञ्चालनको लागि विनियोजीत रकमको परिधिभित्र रहि घर भाडा, मालसामान, औषधोपचार, कानूनी उपचार, फिर्ता सम्प्रेषण, खानेकुरा, मनोसामाजिक विमर्श, संचार, यातायात, कर्मचारी पारीश्रमिक कार्यालय सामग्री, लक्षित व्यक्तिको आवास व्यावस्था लगाएत अन्य भैपरी खर्चमा रु ५८५९६१।- खर्च गरेको छ। सुरक्षित आवासगृह (सेफ हाउस अल्पकालिन सेवा केन्द्र) संचालन कार्यविधि, अनुसार प्रत्येक महिना दोहोरो लेखा प्रणालीमा आम्दानी खर्चको पारदर्शी लेखा तथा सो को पुष्टी गर्ने कागजात राख्नु पर्ने व्यवस्था भएतापनी कार्यालयले सो कार्य गरेको पाइएन। कार्यविधिले तोकिएको कार्यगरी सुरक्षित आवासगृह (सेफ हाउस अल्पकालिन सेवा केन्द्र) संचालनमा ध्यान दिनु पर्दछ।

४९ **नमूना विद्यालय प्रोत्साहन अनुदान** (४३५-2081-03-24):

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत त्रिभुवन त्रिशुली उच्च माविलाई रु. ४५०००००।– निकासा दिएकोमा सोको विल, भरपाई , प्रगति प्रतिवेदनर कार्य सम्पन्न प्रतिवेदनपेश नभएकोले उक्त प्रमाणहरु पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४५,००,०००

५० **दिवा खाजा अनुदान**

कार्यक्रम कार्यान्वियन पुस्तिका आ.व. २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वियन गर्दा आर्थिक वर्षको शुरुमै इमिसमा समावेश भई सत्यापन भएको विद्यार्थी संख्याको आधारमा स्थानिय तहले प्रति विद्यार्थी दैनिक रु. १५ का दरले पहिलो त्रैमासिकको शुरुमै बजेट निकासा गर्ने र दोश्रो त्रैमासिक देखि विद्यालयलयमा विद्यार्थीको भौतिक उपस्थितिमा पूरा समय सञ्चालन भएको दिन (परीक्षामा सामेल भएको दिन समेत) लाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ।यसरी खाजा खर्च उपलव्ध गराउंदा विद्यालयका प्रधानाध्यापक र वि.व्य.स.अध्यक्षबाट विद्यार्थिको संख्यात्मक हाजिरी प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन गरी थप अनुदान दिने व्यवस्था छ।। कार्यालयले संघीय शसर्त अनुदान तर्फको दिवा खाजाका लागि विद्यालयलाई विभिन्न किस्तामा रु. ११९८०३२०।- निकासा भएको छ। पालिकाले इमिसमा समावेश भएको तथ्यांकलाई सत्यापन गरेको देखिएन साथै विद्यार्थीको कक्षागत हाजिरी तथा विद्यार्थीको संख्यात्मक हाजिरी विवरण वि.व्य.स. अध्यक्षबाट समेत प्रमाणित गराउने गरेको देखिएन । त्यस्तै पालिकाले दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषण तत्वका सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गरेको देखिएन । अत: पालिकाले इमिसको सत्यापित विद्यार्थीहरुको दैनिक हाजिरी प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षसमेतबाट प्रमाणित एवं दिवा खााजा गुणस्तर भए नभएको सम्वन्धमा अनुगमन तथा प्रतिवेदन तयार गरी दिवा खाजा अनुदान निकासा गर्नुपर्दछ।

५१ **पाठ्यपुस्तक अनुदान**

कार्यक्रम कार्यान्वियन पुस्तिका आ.व. २०८१।८२ को क्रियाकलाप नं. २.४.६.२ मा स्थानीय तहले विद्यालयले माग गरेको विद्यार्थी संख्या सहित रकमलाई इमिसमा प्रविष्ट तथ्याङ्कसंग सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या एकिन गर्ने र कक्षा ११ र १२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १ देखि १० का लागि शैक्षिक सत्र शुरु हुनु

भन्दा ३ महिना अगावै विद्यालयको खातामा अनुदान दिने र पहिलो पटकमा चालु शैक्षक सत्रको विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई हिसाव गरी अनुदान दिने साथै शैक्षिक सत्रमा भएको नयां विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधार एकिन गरी नपुग हुने रकमको मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था शुरुको निकासा रकम बचत हुन आएमा विद्यालयमा निकासा हुने अन्य शिर्षकको रकमबाट कटाई हिसाव मिलान व्यवस्था छ । कार्यालयले नि:शुल्क पाठ्यपुस्तक खरिदको लागि विभिन्न ५८ वटा विद्यालयलाई दुई पटकमा रू. ५४०३०१०।-अनुदान निकासा गरिएको छ। पालिकाले विद्यालयले माग गरेको विद्यार्थी संख्या सहित रकमलाई इमिसमा प्रविष्ट तथ्याङ्कसंग सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या एकिन गर्नु पर्नेमा सत्यापित विवरण तयार तथा प्रमाणित गरेको देखिएन । अत: पालिकाले इमिस तथ्याङ्कलाई सत्यापित गराई प्रमाणित गराई विद्यालयले समयमा खरिद गरी विद्यार्थीलाई उपलब्ध गराए नगराएको, पाठ्यसामग्री पाठ्यक्रम विकास केन्द्रको स्वीकृत सूचि मध्येबाट भए नभएको निरन्तर अनुगमन गरी प्रतिवेदन गर्नुपर्दछ।

प्रमाण पेश नगरेको

५२ **पालिका शिक्षक अनुदान**

अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहका स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्ता सशर्त अनुदानबाट उपलब्ध गराउने व्यवस्था छ। नेपाल सरकारबाट तयार गरिएको विद्यालय क्षेत्र सुधार योजनाले शिक्षक विद्यार्थीको अनुपात हिमाल १:३०, पहाडमा १:३५ र तराई तथा काठमाडौँ उपत्यकामा १:४० हुनुपर्ने र शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६ को आधारमा शिक्षक दरबन्दी मिलान गरी शिक्षक दरबन्दी अपुग भएमा जिल्लामा पुल दरबन्दीमा रहेका अन्य स्थानीय तहबाट मिलान गर्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष दरबन्दी मिलान नगरी स्वीकृत शिक्षक दरबन्दी अनुसारको पदपूर्ती भएको अवस्थामा समेत पालिकास्तरबाट नै तलब भत्ता उपलब्ध गराउने गरी १४ विद्यालयमा १९ शिक्षक नियुक्त (पालिका अनुदान) गरी यो वर्ष रू . ५०२५६००।- खर्च गरेको छ। दरबन्दी मिलान वेगर दीर्घकालीन दायित्व सिर्जना हुने शिक्षक नियुक्ति गरी तलब भत्ता खर्च लेख्नुउचित देखिदैन। पालिकाले वास्तविक शिक्षकको आवश्यकता पहिचान तथा दरबन्दी मिलानका थप प्रक्रियातर्फ पहल गरी वित्तीय हस्तान्तरणको रकमलाई विकास निर्माणमा परिचालन गर्नुपर्दछ।

५३ **स्यानिटरी प्याड**

५३.१ (४११-2082-03-25):

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। कार्यालयबाट प्राप्त विवरणमा पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २५७९ जना रहेको उल्लेख छ। पालिकाले यस आ.व. मा हेल्थ एण्ड हाउजिङ प्रोडक्ट प्रा.लि. बाट ५१५८० पाकेट स्यानिटरी प्याड रु. ४८.२० को दरले रु. २८०९०००।- मा खरिद २७ वटा विद्यालयहरुलाई भरपाई गरी ५१३७४ पाकेट बुझाएको छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन्:

- **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नु पर्ने र दफा ५क. मा उक्त लागत अनुमान स्वीकृत गर्नु पर्ने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद कारवाहीको तयारी तथा लागत अनुमान तयार गर्नु पर्ने, नियम ५ बमोजिम खरिद माग प्राप्त गर्नु पर्ने र नियम ११ को आधारमा मालसामानको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । तर नगरपालिकाले स्यानिटरी प्याड खरिदको

लागि विद्यालयहरुबाट खरिदको लागि माग प्राप्त गरेको र लागत अनुमान तयार गरेको देखिएन । नगरपालिकाले स्यानिटरी प्याडको माग र लागत अनुमान तयार तथा स्वीकृत नगरी खरिद कार्य गरेको नियम सम्मत देखिएन । अत: नियमको पालना गरी खरीद कार्य गर्नु पर्दछ ।

- **स्यानिटरी प्याड वितरण** : स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम विद्यालयले आफ्ना छात्रहरुको संख्याको आधारमा आवश्यक पर्ने स्यानिटरी प्याड स्थानिय तहमा माग गरी पठाउनु पर्ने व्यवस्था छ । विद्यालयहरुले स्यानिटरी प्याड माग गरी पठाएको देखिएन । प्राप्त विवरण अनुसार पालिकाले आर्थिक वर्षको अन्तमा २०८२।३।२४ मायस वर्ष हेल्थ एण्ड हाउजिङ प्रोडक्ट प्रा.लि. बाट ५१५८० पाकेट खरिद २७ वटा विद्यालयहरुलाई भरपाई गरी ५१३७४ पाकेट बुझाएकोमा २०६ पाकेट मौज्दात बांकी देखिन्छ । कार्यविधि बमोजिम उक्त प्याड आगामी आ. व. २०८२।८३ सम्मको लागि पुग्ने देखिन्छ । अत: पालिकाले छात्राको इमिस संख्या, विद्यालयको माग, गत वर्षको खपत परीमाण र निर्देशिकाले तोकेको स्पेसिफिकेशन बमोजिमको स्यानिटरी प्याड खरिद गरी वितरण गर्नु पर्दछ ।

५३.२ **भरपाई**: पालिकाले खरिद गरेको सेनिटरी प्याड मध्ये २०६ पाकेट हालसम्म वितरण नभई बांकी देखिन्छ । उक्त बांकी सेनिटरीप्याड विद्यालयहरुलाई बुझाएको भरपाई पेश गर्नु पर्ने रु.

प्रमाण पेश नगरेको	११,२२०

५४ **सहकारी संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका २ नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु.१४४००००।- अनुदान उपलब्ध गराएका छन् ।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

गो. भौ . / मिति	अनुदान पाउने संस्थाको नाम	प्रयोजन	अनुदान रकम
२३।०८२।३।१९	हाम्रो सहकारी संस्था लिमिटेड	कृषि उपज सकलन केन्द्र स्थापना	४८००००
२४।०८२।३।१९	अक्कलादेवी कृषि सहकारी संस्था लि.	कृषि उपज सकलन केन्द्र स्थापना	९६००००

५५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

यस सम्वन्धी देखिएका व्यहवरा देहायअनुसार छन।

५५.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारक तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने

व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन। कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन्। साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन। यस कार्यक्रम अन्तर्गत पालिका भित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, पार्क हेरालुकार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ७१ जनालाई रोजगारी उपलव्ध गराई रु.५७०६७७६।००खर्च गरेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्र्तगत पालिकामा सञ्चालन भएका आयोजनाको विवरण अनुसूचीमा उल्लेख गरिएको छ। पालिकाले आवस्यक वडामानाली सरसफाई तथा अन्य कार्य भनेर रू.३५०४६० ।०० खर्च लेखेको छ।उक्त खर्च कुन कुन वाडामा के कति काम भयो भन्ने विवरण खुलेको छैन।लक्षित वर्गलाई औषत ९५.९३ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन।

क्र.स.	वडा न.	कार्यक्रम/योजना संचालन	विनियोजित बजेट रु	जम्मा खर्च रु	ज्यालामा भएको खर्च (१% करकट्टा)	रोजगार संख्या	औषत रोजगारी दिन
१	आवश्यक वडा सबै	नाली सरसफाई तथा अन्य	६१००००	३५४०००	३५०४६०	५	१००
२	वडा १, २, ४, ५, ७, ९	पार्क हेरालु	६७७३६०	६५१७७६	६४५२५८	१०	९२
३	वडा ४	रोजगारी सृजना नाली निर्माण तथा मर्मत	४०००००	४०००००	१९८०००	३	९४
४	वडा १०	सन्धी पार्क निर्माण	१८०००००	११९००००	७८२८९२	१२	९३
५	वडा ११	दुधेलामा कालिका पदमार्ग निर्माण	१२०००००	८८१०००	६७४६१०	१०	९६
६	वडा १	बाद्रेबाट नुवाकोट जाने सिढी बाटो योजना	३५०००००	२३१००००	२१७४०४०	३१	१००
जम्मा			८१८७३६०	५७०६७७६	४८२५२६०	७१	९६

५५.२ **बेरोजगारको प्राथमिकिकरण** - स्थानीय तहमा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवम सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २१ बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर सुचीमा समावेश भएकाहरुलाई प्राथामिकीकरण गरी प्राथामिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले बेरोजगारको सूचिमा समावेशलाई प्राथामिकिकरण गरेपनि प्राथमिकताका आधारमा रोजगार प्रदान गरेको छैन। कामका लागि रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी धेरै संख्यामा योजना छनोट भएको पूर्वाधार एवम अन्य विकास निर्माणका लागि अधिकांश योजना छनोट नभई अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनोट भएका छन। साथै श्रमिकको संख्या पनि धेरै रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हासिल गर्ने गरी कार्यान्वियन भएको पाइएन।

५६ सामाजिक सुरक्षा तर्फ

यस सम्वन्धी देखिएका व्यहोरा देहाय अनुसार छन।

५६.१ **वर्गगत सामाजिक सुरक्षा खर्च** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले सामाजिक सुरक्षा भत्ता बापत यस आर्थिक बर्षमा १३ बैंक मार्फत रु.२८४३४९३५९।-वितरण गरेको विवरण उपलब्ध गराएको छ। सामाजिक सुरक्षा भत्ता वितरणको विवरण निम्नानुसार छन।

क्र.सं.	सामाजिक सुरक्षा भत्ता पाउने समुह	कायम संख्या	वितरण गरेको संख्या	वितरण गरेको रू.	फिर्ता रू.
१	अन्य जेष्ठनागरिक	४०४७	४०४७	१९०५५६८९७	४७८०९२।४४
२	अति अशक्तअपाङ्गता भत्ता	४४१	४४१	९८५०३२३	
३	जेष्ठनागरिक एकल महिला	४२४	४२४	१४१२७२६०	
४	जेष्ठनागरिक भत्ता दलित	३२२	३२२	३३००४५३७	
५	दलितबालबालिका	४९७	४९७	१३१२६२५४	
६	पुर्णअपाङ्गता भत्ता	२७९	२७९	१०५७८०२२	
७	विधवा	१०८२	१०८२	३१०६०६६	
८	जम्मा	७०९२	७०९२	२७४३४९३५९।	४७८०९२।४४

५६.२ **के वाई सी अद्यावधिक नभएको** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैँकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोली जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । नगपालिकाले हरेक बर्ष खाता अद्यावधिक नगरी लाभग्राहीको खातामा रकम जम्मा गरेकोले वास्तविक लाभग्राही हुन होइनन एकीन गर्न सकिएन। व्यक्तिगत विवरण प्राप्त गरी लाभग्राहीको खाता निरन्तर अध्यावधिक गर्नुपर्दछ ।

५६.३ (..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **१६,१७०,३०८.०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५६.४ **मृतकको खातामा भत्ता निकासा**

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **१७७,१४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५६.५ **पारदर्शिता**- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित

व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

५७ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। नगरपालिकाले यस वर्ष रू ८२४१९९।-को औषधी खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार रहेका छन् ।

- सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नु पर्ने र दफा ५क मा उक्त लागत अनुमान स्वीकृत गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयले औषधी खरिदको लागि लागत अनुमान तयार नगरी सिधै दरभाउपत्र माग गरी गरेकोले नियमसम्मत देखिएन । अत: पालिकाले लागत अनुमान तयार तथा स्वीकृत गरेर मात्र खरिद कार्य गर्नु पर्दछ ।

- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/ नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको छ।साथै तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५८ **सामाजिक सुरक्षा भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२४** को निर्णयले रू **१२,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-२४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५९ **ऋणको साँवाव्याज**

विदुर नगरपालिका वडा नं ४ मा शहरी तथा वातावरणीय सुधार परियोजना अन्तरगत बस पार्क निर्माण परियोजना निर्माण कार्यान्वियन गर्न पालिकाले २०६६ साल जेठ १९ गते नगर विकास कोष नयाँ बानेश्वर संग रु. १,७२,२१,१९५।०० आन्तरिक ऋण लिएको छ । उक्त ऋण भुक्तानी मिति सम्झौतानुसार गत २०८० असारमा नै सकिएकोमा हाल सम्म चुक्ता भएको छैन । पालिकाले यो वर्ष रु. ६४७,०६५।०० व्याज वापत मिति २०८१।११।१० मा नगर विकास कोषलाई भुक्तानी गरेको छ । नगर विकास कोषले २०८२।२। ११ को च. न. १५२७ पत्र मार्फत पालिकालाई लेखेको पत्र बमोजिम २०८२ असार मसान्तसम्म ऋणको साँवा रु. ३०,००,०००।८३ र व्याज रु. १०८,९७८।६९ गरी जम्मा साँवाव्याज समेत कुल रु. ३१,०८,९७९।५० बाँकी देखिन्छ । बाँकी ऋण समयमै भुक्तानी गर्नु पर्दछ ।

६० **अन्य निकायको खर्च**

स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै कार्यक्रम स्थानीय तहले नेपाल सरकारको सम्वन्धित कार्यालय मार्फत कार्यान्वियन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्वन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिएर मात्र सम्वन्धित स्थानीय तहले त्यस्तो कार्यक्रम नेपाल सरकारको सम्वन्धित कार्यालय मार्फत कार्यान्वियन गराउन सक्ने व्यवस्था विनियोजन ऐन, २०८१ मा उल्लेख छ । पालिकाले आ. व. २०८१।८२ को लागि विनियोजन गरेको बजेटबाट संघीय मन्त्रालय अन्तर्गतको कार्यालय नुवाकोट जिल्ला अदालतको लागि रु. ३ लाख ५० हजारमा १ थान इन्भटर खरिद, नुवाकोट आदर्स बहुमुखि क्याम्पसको कक्षा कोठा निर्माण, पुस्तक प्रकाशन र अवलोकन भ्रमणमा रु. २४७,२०७।००, त्रिभुवन त्रिशुली बहुमुखी क्याम्पसको लागि रु. ७८,८००।०० मा १ थान ल्यापटप खरिद गर्ने कार्यमा आफ्नो बजेट खर्च लेखेको छ । उक्त खर्च लेख्दा विनियोजन ऐन, २०८१ अनुसार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिएको छैन । विनियोजन ऐन अनुसार स्वीकृति बेगर खर्च लेखेको रु ६७६,००७।०० नियम सम्मत भएको देखिएन ।

अनियमित भएको	६,७६,००७

६१ **खर्चमा मितव्ययिता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार सार्वजनिक निकायहरुले साधन र स्रोतको उपयोग गर्दा मितव्ययी ढंगबाट गर्नुपर्ने व्यवस्था छ । पालिकाले आ व २०८१।८२ को नीति योजना कार्यक्रम र बजेट वक्तव्य पुस्तिका विदुर नगर विकास योजना २०८१ (स्थानीय राजपत्र भाग १) प्रति थान रु. १५००।०० (मु. अ. कर बाहेक) का दरले २५० थान वनदेवी प्रिन्टीङ्ग अफसेट प्रेसबाट छपाई गरी मु. अ. कर समेत रु. ४२३,०००।०० खर्च लेखेको छ । उक्त बजेट वक्तव्य कभर पेपर ३०० ग्राम आईवोर्ड लेमिनेसन सहित ग्लु व्याण्डीङ्ग भित्री ८ पेज कलर फोटो र १७६ पेज कालो प्रिन्ट समेत १८४ पेजको १५० ग्राम आर्ट पेपर प्रयोग गरेको कारण छपाई लागत बढी व्ययभार परेको देखिन्छ । बजेट वक्तव्य स्थानीय राजपत्र भाग १ भएको हुनाले मुद्रण विभागले प्रकाशन गर्ने राजपत्रको मापदण्ड र गुणस्तर अनुसार साधारण किसिसमको प्रकाशन गरी लागतमा मितव्ययिता अपनाउनु पर्दछ साथै नगर विकास योजना पालिकाको बेभसाइट मार्फत सर्वसाधारणको पहुँचमा हुने गरी राख्नु पर्दछ ।

६२ **पालिका विरुद्ध मुद्दा**

नगरपालिकाले गरेका निर्णय कार्य प्रति चित नबुझेर श्री कल्पना नेपालले नगरपालिका विरुद्ध नुवाकोट जिल्ला अदालतमा अन्तरकालिन आदेस माग सहितको निषेधाज्ञा आदेस जारी गरिपाउँ भन्ने रिट निवेदन ०८- WO-0001 दर्ता गराएको छ ।साथै कल्पवृक्ष प्रसुन जेभी

का प्रतिनिधि रामवावु जीसीले करार बमोजिमको रु. १९६,३८,६२०।०० रकम भराई क्षतिपुर्ति समेत दिलाइ भराई पाउँ भन्ने रिट निवेदन ०७९-CP-0001 नुवाकोट जिल्ला अदालतमा दर्ता गराएको छ । उक्त रिट निवेदनमा नगरपालिकाको तर्फबाट प्रतिउत्तर बहस पैरवी गर्दा अधिवक्ताको कानुनी खर्च वापत रु. २४०,०००।०० खर्च भएको छ ।

६३ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	**निष्क्रिय खाताको रकम फिर्ता-** उपरोक्त बेरुजु सम्बन्धमा प्रमाणसहित प्रतिक्रिया प्राप्त भएकोले संपरीक्षण गरी लगत कट्टाको जानकारी पछि गराइने छ । (✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** रु **१,२५९,४०२.८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)	०

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : विदुर नगरपालिका, नुवाकोट , बिदुर नगरपालिका , नुवाकोट

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	सुभाकर पौडेल	२०८१-५-३१	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	विनोद कुमार खनाल	२०७९-०४-१५	२०८१-०५-३०
लेखा प्रमुख	प्रकाश बहादुर बोगटी	२०८१-१२-१२	हाल सम्म कार्यरत
लेखा प्रमुख	BADRI KUMAR RIJAL	२०७९-४-१	२०८१-१२-१२

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
६१५,१०६	५,६३६,१००	२१,९३९,७९६.२	०	०	१,१८९,९३०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२९,३८०,९३२.२
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१८,७२३,७९०.४३
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	१,२५९,४०२.८१
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	११,९१६,५४४.५८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३७७९२२६१.७१	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	१०४६५३४६८१.३	**चालु खर्च**	५९९५९३६३२
प्रदेश सरकारबाट अनुदान	११०४८२५६३.४	**पूँजीगत खर्च**	२९३८८२६९१
राजश्व बाँडफाँट	५२२५०६६४.८२	**वित्तीय/अन्य व्यवस्था**	३८२७४९२२५.४६
आन्तरिक आय	५७५८८१२७.९७		
अन्य आय	२०१५३८४४.२६		
कुल आय	१२८७००९८८१.७५	**कुल खर्च**	१२७६२२५५४८.४६
बाँकी मौज्दात		४८५७६५९५	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

म.ले.प.फा.नं. २७०-०१ विदुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, नुवाकोट

कार्यालयको कोड : ८०३२९४०२

वित्तीय प्रतिवेदन

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		२१,१७,१६,२५७.३३	०.००	२१,१७,१६,२५७.३३	१९,८६,६६,४५६.८९	०.००	१९,८६,६६,४५६.८९
१३०००	अनुदान		६२,५२,६९,२३७.०१	०.००	६२,५२,६९,२३७.०१	६१,८०,३६,५५७.००	०.००	६१,८०,३६,५५७.००
१४०००	अन्य राजस्व		६,३१,८५,७४०.१५	०.००	६,३१,८५,७४०.१५	७,४७,८८,८०९.६८	०.००	७,४७,८८,८०९.६८
१५०००	विविध प्राप्ति		०.००	०.००	०.००	६७,०००.००	०.००	६७,०००.००
क	कुल जम्मा प्राप्ति		९०,०१,७१,२३४.४९		९०,०१,७१,२३४.४९	८९,१५,५८,८२३.५७		८९,१५,५८,८२३.५७
३	चालु		५९,९५,९३,६३२.८०	०.००	५९,९५,९३,६३२.८०	५८,१८,०१,०४४.०२	०.००	५८,१८,०१,०४४.०२
२१०००	पारिश्रमिक / सुविधा		३६,४९,३५,५५२.८०	०.००	३६,४९,३५,५५२.८०	३३,६१,३९,०४६.२५	०.००	३३,६१,३९,०४६.२५
२२०००	मालसामान तथा सेवाको उपयोग		२२,३१,८०,९८४.००	०.००	२२,३१,८०,९८४.००	२३,४५,६५,४८६.७७	०.००	२३,४५,६५,४८६.७७
२४०००	ब्याज, सेवा शुल्क तथा बैंक कमिशन		०.००	०.००	०.००	६,१७,०४८.००	०.००	६,१७,०४८.००
२५०००	सहायता (Subsidy)		७७,३०,१६०.००	०.००	७७,३०,१६०.००	३२,७१,२४७.००	०.००	३२,७१,२४७.००
२७०००	सामाजिक सुरक्षा		११,१०,७५०.००	०.००	११,१०,७५०.००	४३,५५,२२७.००	०.००	४३,५५,२२७.००
२८०००	अन्य खर्च		२६,३६,१८६.००	०.००	२६,३६,१८६.००	२८,५२,९८९.००	०.००	२८,५२,९८९.००
४	पूंजीगत		२९,३८,८२,६९१.००	०.००	२९,३८,८२,६९१.००	३३,५०,७८,२८९.००	०.००	३३,५०,७८,२८९.००
३१११०	भवन तथा संरचना		१,०२,०९,५१४.००	०.००	१,०२,०९,५१४.००	२,५५,३९,०९०.००	०.००	२,५५,३९,०९०.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		६२,३०,८१४.००	०.००	६२,३०,८१४.००	३,८४,६८४.००	०.००	३,८४,६८४.००
३११५०	सार्वजनिक निर्माण		२७,६५,०३,६२९.००	०.००	२७,६५,०३,६२९.००	३०,४४,७३,७२८.००	०.००	३०,४४,७३,७२८.००
३११६०	निर्मितसरचनाको सुधार खर्च		९,३८,७३४.००	०.००	९,३८,७३४.००	४६,८०,७८७.००	०.००	४६,८०,७८७.००
ख)	कुल जम्मा भुक्तानी		८९,३४,७६,३२३.८०		८९,३४,७६,३२३.८०	९१,६८,७९,३३३.०२		९१,६८,७९,३३३.०२
ग)	बचत /कमी (ग = क-ख)		६६,९४,९१०.६९		६६,९४,९१०.६९	(२,५३,२०,५०९.४५)		(२,५३,२०,५०९.४५)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		४०,८९,४४२.६०		४०,८९,४४२.६०	(१९,४४,२८८.१५)		(१९,४४,२८८.१५)
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी							

ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		१,०७,८४,३५३.२९		१,०७,८४,३५३.२९	(२,७२,६४,७९७.६०)		(२,७२,६४,७९७.६०)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		२,६७,००,२९२.३४		२,६७,००,२९२.३४	६,५०,८०,२८५.८८		६,५०,८०,२८५.८८
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		३,७४,८४,६४५.६३		३,७४,८४,६४५.६३	३,७८,१५,४८८.२८		३,७८,१५,४८८.२८
लेखाप्रमूख			कार्यकारी अधिकृत			महालेखापरीक्षकको कार्यालय		
पालिकाबाट प्रमाणिकरण मिति :								

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वियनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।